का.जि.प्र.का.द.नं. १००/०५९/६०
१ पुस २०८०,
आइतबार
17 December 2023,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपपर हेर्न






## उखु किसान फेरि आन्दोलित

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, ३० मंसिर ।

सरकारले प्रस्तावित गरेको मूल्यप्रति असहमति जनाउँदै सर्लाहीका उखु किसान आन्दोलनमा उत्रिएका छन् । उखुको मूल्य तत्काल तोक्न र गत वर्षको बाँकी बक्यौता रकम भुक्तानी गर्न माग गर्दै आन्दोलन शुरु गरिएको उखु किसानहरु बताएका छन् ।



शनिबार उनीहरुले उखुको लाक्रा बोकेर नारा, जुलुस निकालेका हुन् । हरिवनमा उखुको लाक्रासहित पूर्व-पश्चिम राजमार्गमा प्रदर्शन गरिएको मिलगेट उखु उत्पादक समिति सर्लाहीका अध्यक्ष राजकुमार उप्रेतीले जानकारी दिए ।

किसानले यो वर्ष उखुको मूल्य प्रतिक्विन्टल ७५० रुपैयाँ कायम गर्न माग गरेका छन् । त्यस्तै उनीहरुले गत वर्ष सरकारले दिनुपर्ने प्रतिक्विन्टल ७० रुपैयाँमध्ये अहिलेसम्म २१ रुपैयाँ मात्रै प्राप्त भएको र बाँकी ४९ रुपैयाँ यथाशीघ्र भुक्तानी गर्न माग गरेका छन् ।

सरकारले भने ५६५ रुपैयाँ मात्रै प्रस्ताव गरेको छ । गत २५ मंसिरमा कृषि मन्त्रालयमा भएको वार्तामा यो मुल्य प्रस्ताव गरेको थियो । तर, किसानले भने त्यसमा चित्त बुझाएनन् ।

आन्दोलनलाई अझै प्रभावकारी बनाउन सर्वदलीय संघर्ष समिति समेत बनाइने नेपाल उखु उत्पादक महासंघका अध्यक्ष कपिलमुनि मैनालीले जानकारी दिए ।

धमाधम उखु काटेर बेच्नुपर्ने बेला उखुको मूल्यमा सहमति नबन्दा किसान निराश बनेका छन् । मूल्य निश्चित नभइ मिल नचलाउन किसानले आग्रह गरेपछि देशकै सबैभन्दा ठूला दुई चिनी उद्योग इन्दुशंकर चिनी उद्योग हरिवन र एभरेष्ट चिनी मिल रामनगर महोत्तरीले उखु क्रसिङ शुरु गर्न पाएका छैनन् ।

उखु किसान उचित मुल्यका लागि पटक-पटक आन्दोलित हुने गरेका छन् । किसानले उखुको उचित मुल्य नै नपाउने र तोकिएको मुल्यमा उखु बेच्दा पनि त्यसको भुक्तानी नपाउने समस्या छ ।

बाँकी राखेको बक्यौता भुक्तानीको माग गर्दै गत जेठमा कपिलवस्तुका उखु किसानहरूले काठमाडौंको आएर आन्दोलन गरेका थिए ।

श्री महालक्ष्मी सुगर्स प्राइभेट लिमिटेड जवाभारी कपिलवस्तुले १० हजार उखु किसानको झण्डै >>> पृष्ठ २ मा

# सधैंको सत्ता सपना

### आफैंले गरेको दाबी र कार्यतालिका पछ्याउन नसकेका नेताहरु फेरि पनि निर्विकल्प बन्न खोज्दै छन् ।

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, ३० मंसिर ।



चार दशकदेखि नेतृत्वमा रहेका नेताहरूलाई जीवनको उत्तरार्धमा पार्टी चलाउन धौ-धौ भइरहेको देखिन्छ । यद्यपि आफ्नो पकड कायमै राख्न प्रयत्न गरिरहेकै छन् ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमाले सिंगो शक्ति लगाएर पुष्पलाल मध्यपहाडी लोकमार्ग केन्द्रित राष्ट्रिय संकल्प अभियानमा हिडिरहेको छ । बैतडीको झुलाघाटबाट गत १४ मंसिरदेखि सुरु भएको अभियान शनिबार पाँचथर पुगेको छ । १८ दिनदेखि लगातार हिडिरहेको यो संकल्प अभियान पाँचथरकै चिवाभञ्ज्याङमा टुंगिदैछ ।

यो अभियानबाट एमालेले मध्यपहाडी क्षेत्रमा आफ्नो शक्ति बढाउन खोजेको छ भने त्यसैबाट राष्ट्रिय सन्देश दिन खोजेको छ । त्यसैले 'सम्बन्ध स्थानीय, सन्देश राष्ट्रिय' नारा खपत गरिरहेको छ । अभियानको मुख्य उद्देश्य भने आगामी संसद् चुनाव हो । २०८३ मा हुने आमचुनावबाट एकल बहुमत ल्याउने दाबी सहित एमालेले अनेक गतिविधि गरिररहेको छ । गत वर्ष फागुनबाटै एमालेले मिसन ग्रासरुट र एक वर्ष विशेष गतिविधि भनिरहेको छ ।

एक वर्षे अभियानकै क्रममा एमालेले मध्यपहाडी संकल्प यात्रा गरेको हो । एमालेको गतिविधिको केन्द्रमा उसकै अध्यक्ष केपी शर्मा ओली छन् । ओलीले पनि आफ्नो नेतृत्व बलियो रहेको देखाउन मध्यपहाडी संकल्प यात्राको नेतृत्व गरिरहेका छन् । ७२ वर्षका उमेरमा मंसिरको चिसोबीच दिनरात नभनी ओली सक्रियता देखाइरहेका छन् ।

अरु नेताहरु ओलीलाई पछ्याउनेमा सीमित छन् । आफ्नो तर्क राख्नलाई एमालेका अन्य नेताहरुसँग सामाजिक सञ्जाल बाहेक अरू मञ्च देखिएको छैन । अर्थात् ओलीले आगामी चुनावपछि आफै मुलुकको प्रधानमन्त्री र तेस्रोपटक पनि पार्टीको अध्यक्ष बन्न चाहेको प्रष्ट हुन्छ । जबकी २०७४ मा विशाल जनमत पाएर पनि ओलीले पाँच वर्ष सरकारको नेतृत्व गर्न सकेका थिएनन् । आफै झगडिया बनेर एउटा पक्षको नेतृत्व गर्दा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजित हुन पुगेको थियो भने ६३ सिटको कांग्रेस सभापति शेरबहादुर देउवाले बीचमै सरकारको नेतृत्व गरेका थिए ।

फेरि सरकार र पार्टी चलाउन आफू सक्षम रहेको देखाउनुमा ओलीको सत्ता स्वार्थ हो । जबकी गत वर्षको चुनावमा ओलीकै नेतृत्वमा एमालेले भाग लिदा पनि दोस्रो दलमा सीमित हुनु परेको थियो ।

सत्तारुढ अरु दलका नेतृत्व त पार्टीलाई चलायमान बनाउन समेत सकिरहेका छैनन् । चर्को विरोधबीच गत साउनमा एक वर्षे तालिका पारित गराएका प्रमुख दल नेपाली कांग्रेसका सभापति देउवाले त्यो तालिका अनुसार पार्टी चलाउन सकेका छैनन् । बरु उल्टै शुक्रबार केन्द्रीय कार्य सम्पादन समितिको बैठक राखेर चौथो पटक महासमिति बैठक सारेका छन् । नयाँ तालिका अनुसार आगामी ७-१० फागुनमा महासमिति बैठक बस्नेछ ।

कांग्रेसको महासमिति बैठकको मिति यसअघि तीन पटक १३-१५ मंसिर, २९ मंसिर-२ पुस र १६-१९ पुसमा तोकिएको थियो । तर चौथोपटक महासमिति बैठक स्थगित गरेका देउवाले अरु गतिविधि गर्न सकिरहेका छैनन् । >>> पृष्ठ २ मा

## सय क्विन्टल अन्नको प्रतिमा

**मध्यान्ह संवाददाता**
जनकपुर, ३० मंसिर ।

जनकपुरको १२ बिघा मैदान । ११ हजार ११ स्क्वायर फिटमा फैलिएको विशाल प्रतिमा। सीतारामको प्रतिमा ।



यत्रो विशाल प्रतिमा कुनै रगं वा अखाद्य बस्तुबाट बनेको होइन । सप्ताहव्यापी विवाहपञ्चमी महोत्समा रौनकता थप्न भन्दै अन्नबाट बनाइएको हो । यसमा १ सय १ क्विन्टल अन्न खर्च भएको छ । प्रतिमा बनाउन ११ थरी अन्नको प्रयोग भएको छ ।

प्रतिमा निर्माणका लागि जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठको संयोजकत्वमा निर्माण समिति बनाइएको थियो । यसको निर्माण भने भारतको मध्यप्रदेशका सतिश गुर्जरले गरेका हुन् ।

विश्व रेकर्ड स्थापित गर्ने उद्देश्यसहित यत्रो परिणाममा अन्न प्रयोग गरि रामसीताको प्रतिमा बनाएको हो । गर्जुरले भारतमा पनि यस्तै प्रकारका प्रतिमा बनाएर रेडर्क कायम गरेका थिए । त्यसलाई तोड्ने उद्देश्यले उनैलाई नेपालमा बोलाएर प्रतिमा बनाइएको जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहको भनाइ छ । प्रतिमा निर्माण गर्ने गुर्जरले भने नेपाल भारतको साझा संस्कृतिलाई प्रचारप्रसार गर्ने उदेश्यले आफूले बिना पारिश्रमिक यो प्रतिमा बनाएको बताएका छन् ।

पतिमा शनिबारबाट सर्वसाधरणलाई अवलोकणका लागि खुल्ला गरिएको छ । प्रतिमा निर्माणका नाममा ठूलो मात्रमा अन्नको दुरुपयोग गरेको भन्दै आलोचना समेत भइरहेको छ । तर, प्रतिमा निर्माण समितिले अन्न खेर नजाने दावी गरेको छ । अनाथालय, वृद्धाश्रम, मानव सेवा आश्रम लगायतमा अन्न प्रयोग गर्न सकिने तर्क समितिको छ ।

**होलोग्राम सहितको मेडिकल चाहियो**

**चालु अवस्थामा भएको अथवा नभएको सबै कुरा अपडेट भएको कम्पनी होलोग्राम वैदेशिक रोजगारीमा मेडिकल गर्ने संस्था विक्रि गर्नु इच्छुकले निम्न नम्बरमा सम्पर्क गर्नुहोला ।**

**सम्पर्क: ९८५१०८२०८१, ९८०८१७७९४५, ९८४१५३४८७४**

**वैदेशिक रोजगार विशेष**

## दुबई बसेर करोडौं ठग्ने उपाध्यायलाई पक्राउ गरी ल्याइयो नेपाल

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० मंसिर ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले सेक्युरिटी गार्डको आकर्षक तलबसहितको रोजगारी भन्दै दर्जनौं नेपाली ठगेको अभियोगमा यूएईबाट एक जनालाई पक्राउ गरी नेपाल ल्याएको छ । ठगी आरोपमा अदालतबाट पक्राउ पुर्जी जारी भएका कोमलराज उपाध्यायलाई पक्राउ गरेर ल्याइएको ब्युरोकी प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) किरण बज्राचार्यले जानकारी दिइन् ।

उपाध्यायविरुद्ध ५१ जना पीडितले १ करोड ५५ लाख ९२ हजार ५ सय २५ रुपैयाँ ठगी गरेको जाहेरी दिएका छन् । अदालतको पक्राउ पुर्जीपछि उनलाई अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल)को सहयोगमा यूएईबाट पक्राउ गरेर नेपाल ल्याइएको हो । उपाध्यायमाथि ८४ जनालाई भारतमा लगेर अलपत्र पारेको आरोप पनि रहेको छ ।

ब्युरोको अनुरोधमा इन्टरपोल प्रहरीले उनीविरुद्ध २०७९ साल जेठ ६ गते रेड कर्नर नोटिस जारी गरेको थियो । रेड नोटिस जारी भएपछि यसका सदस्य राष्ट्रहरुका प्रहरीले आरोपितको खोजी गरी सम्बन्धित देशलाई हस्तान्तरण गर्ने प्रचलन छ ।

उपाध्यायलाई काठमाडौं जिल्ला अदालतमा ठगी अभियोगमा मुद्दा चलाउने प्रहरीको तयारी छ । नेपाली कामदार र केही म्यानपावर कम्पनीलाई ठगी >>> पृष्ठ २ मा

### रुसी सेनामा नेपालीबारे जानकारी नभएको रुसी राष्ट्रपति कार्यालयको स्पष्टोक्ति

**काठमाडौं/मस–** रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको कार्यालयले नेपालीहरु त्यहाँको सेनामा कार्यरत रहेको र हताहत भएको भन्नेबारे कुनै जानकारी आफूसँग नभएको बताएको छ । अध्ययन तथा भिजिट भिसामा पुगेका हजारौं नेपाली रुसी सेनामा भर्ना भएको र ६ जनाको मृत्यु भएको सार्वजनिक भएको छ । नेपाल सरकारले आफ्ना >>> पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१ पुस २०८०, आइतबार
17 December 2023, Sunday

# मानवता नै सबैभन्दा ठूलो धर्म : प्रधानमन्त्री दाहाल

**धर्मेन्द्र दाहाल/मध्यान्ह**
हेटौंडा, ३० मंसिर



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मानवता नै सबैभन्दा ठूलो धर्म भएको बताएका छन् ।

शनिबार हेटौंडामा मानव सेवा आश्रमको केन्द्रीय भवनको उद्घाटन गर्दै प्रधानमन्त्री प्रचण्डले मानवताको सेवा भन्दा ठूलो धर्म अरु कुनै नरहेको बताए । मानव सेवा आश्रमले गरेको काम नेपालको मात्र नभएर विश्व जगतमानै उदाहरणीय कार्य भएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले आश्रमलाई केन्द्र, प्रदेश र स्थानीय सरकारबाट भरपुर सहयोग रहने प्रतिवद्धता व्यक्त गरे ।

नेपालको संविधानमानै गाँस, बास, कपास, शिक्षा स्वास्थ्य, रोजगारी जस्ता अधिकारको व्यवस्था भएको भन्दै यस्ताखाले अधिकारबाट कोहिपनि पनि वञ्चित हुन नहुने र मानवसेवा आश्रमले संविधानको व्यवस्थालाई व्यवहारिक रुपमा कार्यन्वयन गरेको बताए ।

हेटौंडाबाट शुरु भएको मानवसेवा आश्रमले देशैभरि सेवा विस्तारको काम शुरु गरिसकेको सुन्दा गौरवको अनुभूति भएको भन्दै उनले मानव सेवाको सारथीहरुलाई सरकारबाट पूर्ण साथ रहने बताए । 'जसरी मानवसेवाको लागि यहाँका अभियन्ताहरु महिहत्ते गरेर लागिपर्नु भएको छ त्यसरिनै सरकारले पनि आगामी दिनहरुमा सहयोगको सिलसिलालाई थप बढाउँदै लग्ने छ,' उनले भने । मन्दिर या अन्य धर्मिक केन्द्रमा भेटी चढाउनुभन्दा मानवताको लागि आश्रमलाई सहयोग गर्न प्रधानमन्त्री प्रचण्डले अनुरोध गरे ।

राम्रो काम गर्न खोज्दा कहिलेकाँही समाजबाट अनेक खालको भाष्य सुन्नुपर्ने भन्दै उनले भने, 'गणतन्त्र प्राप्तिको आन्दोलन थोरै मान्छेबाट शुरु गर्दा कतिपयले मलाई बहुला पनि भने, तर हामी अहिले यहि गणतन्त्रमा उभिएर बोल्न पाएका छौं, हामी सार्वभौम नेपाली भएका छौं, यो भन्दा ठुलो कुरा के हुन्छ ?' हामी बहुलाएका त थिएनौं नि, हाम्रो उद्देश्यले वर्ष दिन पुग्दा नपुग्दै नतिजा त ल्यायो नि, अनि पो गणतन्त्र आएको हो ।'

# जन्मदिनमा वृक्षारोपण अवधारणा आफैंमा अर्थपूर्ण : निमित्त कुलपति श्रेष्ठ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० मंसिर



नेपाल प्रज्ञा प्रतिष्ठानका निमित्त कुलपति विमलकृष्ण श्रेष्ठ (विमल निभा)ले जन्मदिनमा वृक्षारोपण अवधारणा अर्थपूर्ण रहेको बताएका छन् ।

प्रतिष्ठानमा शुक्रबार आयोजित 'जन्मदिनमा वृक्षारोपण अभियान नेपाल'को पाँचौं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि श्रेष्ठले वृक्षारोपण आफैंमा राम्रो विषय भएको र यो अवधारणा अर्थपूर्ण लागेको बताए ।

जर्जर पृथ्वीको मर्मत गर्ने विषय चानचुने कुरा नभएको भन्दै उनले आफ्नो जन्मदिनमा कम्तीमा पनि एउटा वृक्ष रोप्न आग्रह गरे ।

पछिल्लो समय जन्मदिन मनाउने परम्परा दुषित हुँदै गएको र अनावश्यकरुपमा विदेशी संस्कृतिलाई अवलम्बन गर्न थालिएकोमा उनले चिन्ता समेत व्यक्त गरे । पर्यावरणसँग जोडेर जन्मदिनको विषयलाई फराकिलो र विस्तृत बनाइएकोमा अभियानलाई उनले धन्यवाद समेत दिए । निमित्त कुलपति श्रेष्ठले अभियानलाई साहित्यक गतिविधिबाट पनि अगाडि बढाउन जोड दिए ।

कार्यक्रममा विशेष अतिथि हेमन्त अधिकारीले यस अभियानलाई भारतमा पनि अगाडि बढाउने प्रतिबद्धता जनाए । उनले बासुदेव सेढाईंको यस अभियानमा आगलागीबाट हुने क्षतिलाई पनि जोड्न आग्रह गरे । प्रत्येक व्यक्तिले आफ्नो जीवनमा कम्तीमा पनि पाँच वटा विरुवा रोपे वातावरण बचाउन सक्ने अधिकारीले बताए ।

कार्यक्रममा प्रोफेसर खुमा शर्मा धितालले वृक्षारोपण अभियान सबैको साझा विषय भएको भन्दै यसलाई देशव्यापी रुपमा विस्तार गर्न आग्रह गरिन् । जलवायु परिवर्तन विश्वभरिको जल्दोबल्दो विषय रहेको भन्दै उनले यस अभियानमा आफ्नो सधैँ साथ र सहयोग रहने बताइन् ।

कार्यक्रममा संस्थाका परिकल्पनाकार एवम् अध्यक्ष बासुदेव सेढाईंले जन्मदिनमा वृक्षारोपण अभियानबारे प्रकाश पार्दै अभियानमा ६ सय भन्दा बढी सदस्य जोडिसकिएको बताए ।

उनले जन्मदिनको अवसरमा प्रकृति वातावरण संरक्षणमा योगदान र प्रकृतिको पूजा स्वरुप वार्षिक न्यूनतम एउटा विरुवा रोपेर जन्मदिन मनाउने प्रचलनलाई मानव जातिको मौलिक संस्कारको रुपमा स्थापित गर्ने र यसलाई विश्वव्यापी बनाउने अभियानमा आफूहरु लागि रहेको बताए । विकृति विसंगतिको अन्त्य गर्दै सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने आफूहरुको मुख्य उद्देश्य रहेको उनको भनाइ छ ।

यो अभियान ६ वर्ष अघि आफ्नो जन्मदिनमा बिरुवा रोपेर सेढाईंले नै शुरु गरेका हुन् । प्रधानमन्त्री, मन्त्री, मुख्यमन्त्री लगायत सयौंले यस अभियानकै कारण आफ्नो जन्म दिनमा बिरुवा रोप्ने कार्य गरेको अभियानले जनाएको छ ।

कार्यक्रममा विशेष अतिथि हेमन्त अधिकारी, अभियानका सल्लाहकार ज्ञानशाली पन्त, उपत्यका संयोजक रोजी ढकाल, सञ्चारकर्मी मोहन प्रसाद मैनाली, हिमाल शर्मा, इन्द्र महतलगायतलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा विशिष्ट व्यक्तित्व, विद्यार्थी, सञ्चारकर्मी लगायतको उपस्थिति थियो । कार्यक्रमको सहजीकरण संस्थाका सचिव रामजी बसौलाले गरेका थिए ।

# निरौला वंशावली सार्वजनिक




**कृष्णानन्द भट्ट/मध्यान्ह**
काठमाडौं, ३० मंसिर

निरौला बन्धुहरुको वंशावली मूल प्रकाशन तेस्रो संस्करण सार्वजनिक गरिएको छ । निरौला बन्धु सेवा समाजद्वारा कपन निलोपुलस्थित निर्माणाधीन भवनमा आयोजित एक समारोहमा इतिहासकार डा.दिनेश राज पन्तले उक्त वंशावली सार्वजनिक गरेका हुन् । सोही अवसरमा डा. पन्तले नेपाल इतिहासको विविध पक्षमा धारणा राखेका थिए ।

होम प्रसाद निरौलाद्वारा संकलन तथा लेखन गरिएको यो पाण्डुलिपिमा निरौलाहरुको ऐतिहासिक सभ्यता खोज्दै जाँदा नेपालको सुदूरपश्चिम क्षेत्रको डोटीस्थित निरौली गड्सेरामा र सोभन्दा अघि डडेल्धुरास्थित अजयमेरुमा बसोबास रहेको उल्लेख छ । त्योभन्दा पनि अघिको सभ्यता खोज्दै जाँदा जोशी, भण्डारी, भट्ट थर पदवी हुँदै डोटीको निरौलीबाट आएकाले निरौला थर कायम भएको वंशावलीमा उल्लेख छ ।

ब्राह्मण र क्षेत्री जातिको रूपमा रहेर विशेषतः नेपालको मध्य र पूर्वी भागमा फैलिएका भारद्वाज गोत्री निरौलाहरुको ऐतिहासिक सभ्यतादेखि वर्तमान अवस्थासम्मका नाम नामेसी र वंश पुस्ता समेत खुल्ने विवरण संकलन गरी एउटै पुस्तकमा समेटी वंशावलीको पाण्डुलिपि बनाउन सफल भएकोमा निरौला बन्धु सेवा समाजको मुक्तकण्ठले प्रंशास गर्दै इतिहासकार पन्तले अन्य जातजाति र सम्प्रदायले पनि आ-आफ्नो पूर्खाको इतिहास भोलिका पिँढीलाई पनि अवगत गराउने गरी आफ्नो वंशावली बनाउनु आवश्यक रहेको बताए ।

निरौला वंशावलीले समस्त बन्धुबान्धबका बीच बन्धुत्व र अपनत्वको भावना अभिप्रेरित हुने भएकाले पाण्डुलिपि प्रकाशनमा ल्याइएको निरौला बन्धु सेवा समाजका अध्यक्ष ई. डिल्ली रमण निरौलाले बताए ।

वंशावली सार्वजनिक कार्यक्रममा खिलनाथ निरौला, हरि शंकर निरौला, प्रा.डा. प्रेम खत्री निरौला, प्रा.डा.लेख प्रसाद निरौला, भारद्वाज संस्कृति सम्बर्द्धन केन्द्रका अध्यक्ष ऋषि सुवेदीलगायतका वक्ताहरूले निरौला वंशावलीको विभिन्न आयाममाथि प्रकाश पारेका थिए । सो अवसरमा अहोरात्र खटेर वंशावली प्रकाशनको पाण्डुलिपि तयार पार्न ठूलो योगदान पुऱ्याएवापत डिजाइनर राजकुमार अधिकारीलाई सम्मान गरिएको थियो । निरौला बन्धुहरुको उल्लेख्य सहभागिता रहेको सो कार्यक्रम निरौला बन्धु सेवा समाजका अध्यक्ष ई. निरौलाको सभापतित्वमा सम्पन्न भएको थियो ।

# दरबन्दी श्रीमतीको, पढाउँछन् श्रीमान्

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३० मंसिर



जिल्लाको दक्षिणी भेग ईशनाथ नगरपालिका वडा नं ९ लवतनामा रहेको एक प्राथमिक विद्यालयमा खेताला शिक्षक राखेको पाइएको छ । महेन्द्र राय यादव प्राथमिक विद्यालयमा कार्यरत रहेकी बालबिकास कोटाकी शिक्षिका कवितादेवी यादवको सट्टामा उनका श्रीमान्ले अध्ययन गराउँदै आएको पाइएको हो । उनले शिशु तथा कक्षा १ मा अध्ययन गराउँदै आएका छन् ।

सट्टामा शिक्षक राख्नु कानुन विपरित भए पनि यसमा नगरपालिकाको नेतृत्वले चसो नदेखाएको स्थानीयको गुनासो छ ।

त्यस्तै विद्यालयमा भौतिक पूर्वाधारको अवस्था पनि नाजुक छ । डेक्स बेन्च नहुँदा बालबालिका चिसो भुईमा बस्न बाध्य छन । छाना नभएको भवनको कक्षा कोठाको भूईमा बसेर बाल बालिका पढ्ने गरेका छन ।

खानेपानी र शौचालयको अभावले बालबालिका र शिक्षक शिक्षिकालाई दिनहु समस्या हुने गरेको शिक्षक राजेश कुमार यादवले बताए । ६ महिनाअघि हावाहुरीले उडाएको छाना मर्मत गराईदिन पटक-पटक आग्रह गर्दा नगर प्रमुखले कुनै चासो नदेखाएको शिक्षकहरुले गुनासो गरेका छन् ।

नगरपालिकाले २०७९ फागुनदेखि नै दिवा खाजाको रकम नदिएकोले बालबालिकालाई खाजा खुवाउन समस्या भइरहेको कार्यालय सहयोगी राम प्रवेश यादवको भनाई रहेको छ ।

कक्षा ५ सम्म पढाइहुने विद्यालयमा शिक्षक शिक्षिका गरी ५ जना कार्यरत रहेका छन् । विद्यालयमा दैनिक ५०/६० जना सम्म बालबालिकाहरू पढ्न आउने गरेका छन् ।

# आठविसकोटको भूकम्प प्रभावित क्षेत्रका दीर्घरोगीलाई आर्थिक सहयोग

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ३० मंसिर



रुकुम पश्चिम आठविसकोट नगरपालिकाको भूकम्प प्रभावित क्षेत्रमा रहेका ४५ जना दीर्घरोगीलाई अमेरिकामा रहेको नेपाली लाइभ चर्चले सहयोग गरेको छ । नेपाली लाइभ चर्चले भूकम्पबाट मृत्यु भएकाका परिवार तथा दीर्घरोगीका लागि ६ लाख रुपैयाँ सहयोग गरेको हो । आठविसकोट नगरपालिकामा रहेको आयालोन स्थिर ए.जी. चर्चका पास्टर रमेश कुमार शाहीको सहकार्यमा ४५ जना दीर्घरोगीलाई ३ लाख बढी रकम वितरण गरिएको छ । उक्त आर्थिक सहयोग बिरामीको अवस्थाको आधारमा १२ जनालाई १० हजारका दरले वितरण गरिएको छ भने ३३ जना दीर्घरोगीलाई ५ हजारको दरले वितरण गरिएको पास्टर शाहीले बताए । यसअघि पहिलो चरणमा २८ जना मृतकका परिवारलाई १० हजार रुपैयाँका दरले वितरण गरिएको पास्टर शाहीले बताए । अब केही रकम उपलब्ध भए सुत्केरीई वितरण गर्ने इच्छा भएको उनले बताए ।

उता अमेरिकामा रहेका गोपाल बटालाले आफूले सकलन गरेर पठाएको रकम सही ठाउँमा सदुपयोग गरेकोमा आठविसकोट आयालोन स्थिर ए.जी.चर्चलगायत आठविसकोटमा राहत वितरण गर्न सहयोग गर्ने सबैलाई धन्यवाद दिएका छन् । आफू गरिब, असाहय, निमुखा वर्गलाई सदैव सहयोग गर्न र सहयोगी दाताहरुसँग पहल गर्न सदैव लागिरहने बटालाको भनाइ छ । भौतिकरूपमा उपस्थित भएर सहकार्य गर्ने अवस्था नभए पनि भूकम्प प्रभावितबाट मृतक परिवार र दीर्घरोगीलाई उपचार गराउन आफ्नो नेतृत्वमा सकेको सहयोग संकलन गरेर आठविसकोट नगरपालिकामा रहेको चर्चमा जम्मा गरिदिएको बटालाको भनाइ छ । यसअघि पनि आफूले भूकम्प प्रभावितका लागि सहयोग पठाएको उनले बताए ।

# प्रज्ञा प्रतिष्ठानमा गुरुङ साहित्यबारे विमर्श




**काठमाडौं/मस**–नेपाल प्रज्ञा प्रतिष्ठान, साहित्य (मातृभाषा) विभागद्वारा 'गुरुङ साहित्यमा पहिचान र प्रतिनिधित्व' विषयक विमर्श र सिर्जना वाचन कार्यक्रम प्रतिष्ठानको देवकोटा सभाकक्षमा सम्पन्न भएको छ ।

यो कार्यक्रम हरेक महिनाको अन्तिम शुक्रबार मातृभाषा साहित्य श्रृंखलाको रूपमा आयोजना हुँदै आएको छ । नेपाल प्रज्ञा प्रतिष्ठानका निमित्त कुलपति विमलकृष्ण श्रेष्ठ 'विमल निभा'ले ब्यानर वाचन गरेर कार्यक्रमको उद्घाटन गरेका थिए ।

यसैगरी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव डा.धनप्रसाद सुवेदीले स्वागत मनतव्यका क्रममा सम्पूर्ण जातिको भाषा र साहित्यको पहिचाहन गरी तिनकोअस्तित्व संरक्षण गर्न दत्तचित्तका साथ प्रतिष्ठान लागिपरेको बताएका थिए ।

यसैगरी कार्यक्रममा प्रज्ञाप्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा साहित्य (मातृभाषा कोष तथा व्याकरण) विभाग प्रमुख त्रैलोक्यमान बनेपाली (अगिव)ले मातृभाषा साहित्य श्रृंखलाले पहिचान र चेतनालाई व्यापक बनाउन र एकआपसमा सुपरिचित हुन सहयोग पुगेको बताएका थिए ।

यसैगरी कार्यक्रममा प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा साहित्य (मातृभाषा) विभाग प्रमुख एवम् कार्यक्रमका सभाध्यक्ष राजन मुकारुङले आफ्नो मातृभाषालाई व्यक्तिले संरक्षण गरेर मात्रै सम्भव नहुने भन्दै त्यसलाई माथि उठाउन सरकारले प्रशस्त बजेटको व्यवस्था गर्नुपर्ने बताए ।

साथै, जुन अघिल्लो पुस्तासँग भएको मातृभाषा, रैथाने ज्ञान र सीपलाई अभिलेखिकरण गर्नलाई बजेटको सीमितता भए पनि प्रज्ञा प्रतिष्ठान सक्रियतापूर्वक लागि परेको उनले बताए ।

कार्यक्रममा गुरुङ साहित्यिक मञ्चका संस्थापक अध्यक्ष तथा गुरुङ भाषा-साहित्यकी अन्वेषक गौरी तमूले 'गुरुङ साहित्यमा पहिचान र प्रतिनिधित्व' विषयक कार्यपत्र प्रस्तुत गरेका थिए ।

कार्यपत्रमा पहिचान सम्बन्धी अवधारणा, गुरुङ साहित्यको विकास र विस्तार, गुरुङ भाषाको साहित्य, श्रुती साहित्य, लिखित साहित्य, श्रव्य-दृश्य साहित्य,गुरुङ भाषाको साहित्यमा पहिचान, गुरुङ भाषाको साहित्यमा प्रतिनिधित्व र गुरुङ साहित्यको अवस्था आदि विषयवस्तुलाई समेटिएको छ ।

उक्त कार्यपत्रमाथि सहभागीकातर्फ बाट सिताराम गुरुङ,रामकाजी कोने,मणिराज गुरुङ,सुशान्त गुरुङ र रुकु गुरुङले पूरक टिप्पणी गरेका थिए । यस कार्यक्रममा मगर ढुटभाषाका कवि हिरा राना मगर,तामाङ भाषाका कवि रिना बम्जन र खालिङ भाषाका कवि रेजिना खालिङले आ-आफ्नो कविता वाचन गरेका थिए । कार्यक्रमको सहजीकरण नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञसभा सदस्य चेतनाथ धमलाले गरेका थिए ।

# शुक्रराज अस्पतालमा कुकुरले टोकेका बिरामी बढ्दै

**काठमाडौं/मस**-शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा कुकुरले टोकेका बिरामीको सङ्ख्या बढिरहेको छ । कुकुरले टोकेपछि खोप लगाउनेको संख्या बढिरहेको अस्पतालले जनाएको छ । विगत दुई वर्षको तथ्यांकमा कुकुरले टोकेर रेबिजविरुद्धको खोप लगाउने आउने संख्यामा वृद्धि भएको हो । अस्पतालका निर्देशक डा.युवानिधि बसौलाका अनुसार आर्थिक वर्ष २०७८/७९ मा कुकुरले टोकेपछि खोप लगाउन आउने नयाँ बिरामी ३८ हजार सात सय ४८ रहेका थिए भने आव २०७९/८० मा यो सङ्ख्या बढेर ५० हजार चार सय ९४ पुगेको छ ।

यस्तै आव २०७८/७९ मा नयाँ र पुरानो गरी एक लाख, एक हजार, एक सय ९६ र आव २०७९/८० मा नयाँ र पुरानो गरी एक लाख २५ हजार ९० बिरामीले रेबिजविरुद्धको खोप लगाएका छन् ।

कुकुरले जाडोमा भन्दा गर्मी महिनामा बढीलाई टोक्ने भएकाले गर्मीमा धेरै बिरामी खोप लगाउन आउने गरेका छन् । आव २०७९/८० को जेठमा पाँच हजार ५८ जना र असारमा पाँच हजार दुई ८० जना खोप लगाउन आएका छन् । यस्तै पुसमा तीन हजार आठ सय ५१ र माघमा चार हजार एक सय ३२ जनाले रेबिजविरुद्धको खोप लगाएका छन् ।

कुकुरले टोकेपछि दुई किसिमको खोप दिइने गरिन्छ । एउटा एन्टिरेबिज र अर्को इम्युनोग्लोबुलिन भ्याक्सिन दिने गरिन्छ । यदि भुस्याहा कुकुरले टोकेको खण्डमा इम्युन्नोग्लोविन खोप र घरपालुवा कुकुर जसले नियमित खोप लगाएका छन् । ती कुकुरले टोके भने एन्टिरेबिज भ्याक्सिन खोप दिइने गरिन्छ । घरपालुवा र भुस्याहा कुकुरले बढी मानिसलाई टोक्ने गरेको छ । यस्तै गत असारदेखि यतामात्र १९ हजार चार सय ४७ जना नयाँ बिरामीले रेबिजविरुद्ध खोप लगाइसकेका अस्पतालका बहिरङ्ग विभागका इन्चार्ज शङ्कर पाण्डेले जानकारी दिए । उनका अनुसार साउनमा चार हजार आठ सय ८५, भदौमा चार हजार सात सय २८, असोजमा चार हजार सात सय ३१ र कात्तिकमा पाँच हजार ९९ जनाले बिरामीले रेबिजविरुद्धको खोप लगाएका छन् । उहाँका अनुसार अहिले दैनिक एक सय ३० जना रेबिजविरुद्धको खोप लगाउन अस्पताल आउने गरेका छन् । मासु र छालामा लगाइने उक्त खोप सरकारले निःशुल्क वितरण गर्ने गरेको छ । मासुमा लगाउने खोप चारपटक र छालामा लगाउने खोप तीनपटक दिइने गरिन्छ ।

### सधैंको...

सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेकपा माओवादी केन्द्रलाई कुनै गति दिन सकेका छैनन् ।

२०७८ पुसमा आठौ महाधिवेशन गरेर झण्डै पाँच दशकसम्म नेतृत्वमै रहने कीर्तिमान बनाइरहेका प्रचण्डले पार्टी कमिटीलाई पूर्णता दिन समेत सकेका छैनन् । असन्तुष्ट नेताहरुलाई राष्ट्रिय सम्मेलन र विशेष अधिवेशनको आश्वासन दिएर प्रचण्ड पन्छदै आएका छन् । तर त्यो विशेष महाधिवेशन कहिले गर्ने भन्ने कुनै टुंगो छैन । लगातार संभावित मिति सार्दै आएका छन् ।

अर्को सत्तारुढ दल नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले पनि पाँच दशकसम्म पनि नेतृत्व छोड्न चाहिरहेको देखिदैन । त्यसैले आगामी माघमा तोकिएको महाधिवेशन जेठसम्म सारेका छन् । उनी फेरि पार्टीको अध्यक्ष बन्न चाहन्छन् । जबकी उनकै नेतृत्व गत वर्ष एकीकृत समाजवादीले राष्ट्रिय दल समेत बन्न सकेन ।

### उखु...

१२ करोड भुक्तानी नदिएपछि त्यो नपाएसम्म घर नफिर्किने अडानसहित उनीहरुले मातीघर मण्डलमा आन्दोलन चर्काएका थिए ।

उस्तै माग राख्दै २०७८ मा पनि उखु किसानहरु काठमाडौंमा आएर आन्दोलन गरेका थिए । उखुको उचित मुल्य र समयमै भुक्तानी नदिएका कारण उखु पकेट तराईंका जिल्लाहरुमा प्रत्येक बर्षजसो आन्दोलन हुने गरेका छन् ।

किसानको आन्दोलन चर्चिएका बेला सरकारले उनीहरुसँग समस्या समाधान गर्न पहल गर्ने भन्दै सम्झौता गर्ने गरेको भएता पनि दीर्घकालीन समाधान निस्कन सकेको छैन् ।

### दुबई...

गर्नेहरुले यूएईलाई सुरक्षित आश्रयस्थल बनाएर बसेको धेरैको अनुमान रहेको अवस्थामा इन्टरपोल प्रहरीले ठगीको आरोपी उपाध्यायलाई पक्राउ गरेपछि ठगीका अन्य अभियुक्तहरु पनि पक्राउ पर्नसक्ने आशा बढाएको छ ।

### रूसी...

नागरिकहरुलाई तत्काल फर्काउन र मृत्यु भएकाहरुको आश्रित परिवारलाई क्षतिपूर्ति दिन माग गरिरहेको छ ।

बीबीसी नेपाली सेवाले गरेको प्रश्नमा जवाफ दिँदै रुसी राष्ट्रपतिको प्रेस तथा सूचना कार्यालयले नेपालीहरु त्यहाँको सेनामा कार्यरत रहेको र हताहत भएको भन्नेबारे 'कुनै जानकारी' आफूसँग नभएको जनाएको उल्लेख गरेको छ ।

रुसी सेनामा नेपालीको अनाहकमा ज्यान गइरहेको समाचार दैनिक आइरहेका छन् । केही दिनअघि मात्रै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले झण्डै दुई सय जनाभन्दा बढी नेपाली रुसी सेनामा कार्यरत रहेको हुनसक्ने बताएका थिए । बीबीसी नेपाली सेवाले नेपाल सरकारले आपत्ति जनाएका बुँदा र माग गरेका क्षतिपूर्तिसहितका विषयमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको कार्यालयले नेपाली नागरिक रुसी सेनामा भर्ना भएको र लडाईंमा मारिएको विषयबारे कुनै पनि जानकारी नभएको भन्दै रुसी सेनामा विदेशीले सेवा गर्न नपाउने जानकारी दिएको उल्लेख गरेको छ ।

# बसले ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु

**काठमाडौं/मस**- सुर्खेतमा बसको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ ।

सुर्खेत विरेन्द्रनगर न.पा. १२ सुब्बाकुनाबाट नेपालगन्जतर्फ जाँदै गरेको युनाईटेड एजुकेशन एकेडेमीको शैक्षिक भ्रमणको भे १ क ११२२ न.को बसले विपरित दिशातर्फ आइरहेको भे ३ प ९७४० न.को मोटरसाइकललाई ठक्कर दिएको थियो ।

दुर्घटनामा मोटरसाइकल चालक सुर्खेत वीरेन्द्रनगर-११ धुलियाबिट बस्ने वर्ष २६ का मनोज सुनार गम्भीर घाइते भएका थिए । गम्भीर घाइते उनलाई प्रदेश अस्पताल कालागाँउ सुर्खेत पठाइएकोमा डाक्टरहरुले मृत घोषणा गरेका थिए ।

बस र चालक बाँके नेपालगन्ज उपमहानगरपालिका ११ बस्ने वर्ष ५९ का रमेश कुमार बर्मालाई जिल्ला प्रहरी कार्यालय सुर्खेतले नियन्त्रणमा लिएको छ । शवलाई भने प्रदेश अस्पतालको शव गृहमा राखिएको प्रहरीले जनाएको छ ।


## ओमनमा वैदेशिक रोजगार अवसर

कम्पनी : SAMA AL SHARQ INTEGRATED PROJECTS AND WORKS शहर : Salalah
पूर्व स्वीकृत मितिः २०८०/०८/२९ चलानी नं.: ६०२११५७५ LT. No.: 296473

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 16 | 0 | स. काममा दक्ष | 120 | ४१,४४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस ८ गते (24 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Al Shahid Overseas Pvt. Ltd.
Gov. Lic. No. 1329/074/75
Banshidhar Marg-04,Chandol, Kathmandu, Nepal, Tel: 01-4514440

# 'नेपालको हितलाई केन्द्रविन्दुमा राखेर काम गर्नुपर्ने बेला आएको छ'

**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, ३० मंसिर

पूर्व प्रधानमन्त्री तथा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले नेपालमा उत्पादन भइरहेका ठूला जलविद्युत उत्पादनबाट देश र जनताको आम्दानी बढाउन सकिने बताएका छन् । शनिबार सदरमुकाम चरिकोटमा एकीकृत समाजवादी दोलखाको १० औं जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै अध्यक्ष नेपालले यस्तो बताएका हुन् ।



राष्ट्रिय गौरवको रुपमा रहेको माथिल्लो तामाकोशी जलविद्युत आयोजना अपर तामाकोशी हाइड्रोपावर(४५६ मेगावाट) को चर्चा गर्दै नेपालले आफ्नो देशको बिजुली भारत, चीन, बंगलादेश जस्ता छिमेकी मुलुकलाई बेचेर देश तथा जनतालाई समृद्ध बनाउन सकिने धारणा राखे। छिमेकी मुलुकहरुले पछिल्ला समयमा डिजेल, मट्टितेल जस्ता खनिज तत्वहरू बेचेर समृद्ध बनाइरहेको बेला आफ्नो देशले पनि यहाँ भएका खानी तथा ठप्प भएका कलकारखानालाई ठिक ठाउँमा उचित सदुपयोग गरेर आम्दानी बढाउन सकिने उनले प्रष्ट पारे ।

'यस्ता काम नेपालीले गर्न नसकेको खण्डमा छिमेकी राष्ट्रहरुको सहयोगमा भएपनि विदेशी लगानीमा देश समृद्ध पट्टि लम्किने काम गरिनुपर्छ' उनले भने । तर नेपालमा छिमेकी मुलुकले विभिन्न खाले कुराहरु भनेपनि नेपालको हितको केन्द्रविन्दुमा राखेर कामहरू गरिनुपर्ने जिकिर गरे। देशलाई गरिबीबाट समृद्धितिर लानको निमित्त बिजुली उत्पादन, पर्यटन प्रवर्द्धन, उद्योग कलकारखाना, कृषि उत्पादन, जडिबुटी, सिँचाइ तथा विज्ञान र प्रविधिमा विशेष जोड दिनुपर्ने उनको भनाइ थियो ।

# नेपाली श्रमिक कल्याणकारी संघ कतारमा नयाँ नेतृत्व

नेपाली श्रमिक कल्याणकारी संघ कतारको चौथो अधिवेशन सम्पन्न भएको छ । दुई चरणमा सम्पन्न अधिवेशनको बन्द सत्रबाट नारायण खपाङ्गी मगरको अध्यक्षतामा आगामी एक वर्षका लागि नयाँ कार्यसमिति निर्विरोध निर्वाचित भएको छ । निर्वाचित समितिको वरिष्ठ उपाध्यक्षमा गंगा श्रेष्ठ, प्रथम उपाध्यक्षमा बाबुराम महत, द्वितीय उपाध्यक्ष मिलन विश्वकर्मा, महासचिवमा सुरत शाही, सचिवमा सन्दीप साहानी, कोषाध्यक्षमा कल्पना घर्ती र महिला संयोजकमा निशा पराजुली रहेका छन् ।

त्यस्तै कार्यसमिति सदस्यहरूमा गंगा तामाङ, शान्ता केसी, ललिता लामा, मिङ्मा लक्की शेर्पा, अर्जुन विक, नेत्र बहादुर थापा मगर, रोशन कुँवर र जीवलाल भुसाल निर्वाचित भएका छन् । नव निर्वाचित पदाधिकारीहरूलाई निर्वाचन समितिका संयोजक तिल विक्रम मगरले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।



**प्रवास डायरी**
तिलु शर्मा पौडेल/मध्यान्ह

अधिवेशनको खुला सत्र नेपाली श्रमिक कल्याणकारी संघ कतारका अध्यक्ष देव लम्सालको सभापतित्व तथा गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारका अध्यक्ष रमेश भट्टको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । आफ्नो शुभकामना मन्तव्य राख्दै भट्टले कतारमा धेरै नेपालीहरूले अकालमा ज्यान गुमाएकोप्रति सचेत गराउँदै श्रम सकिने बित्तिकै नवीकरण गर्न आग्रह गरे। सरकाले श्रमिकका लागि लागू गरेको सुरक्षा कोषमा आवद्ध हुन सुझाव दिँदै उनले श्रम नवीकरण नगर्दा मृतकका परिवारले पाउनुपर्ने सेवा सुविधाबाट बञ्चित हुनुपर्ने अवस्था आएको स्मरण र पछिल्लो समयमा मृतकका हकमा श्रम नै मुख्य समस्याका रूपमा देखिने गरेको बताए । भट्टले श्रमिकका हितमा काम गर्न आफूले कहीँ कसैसँग सम्झौता नगर्ने प्रतिबद्धता व्यक्त गरे ।

गुना मगर, ललिता लामा, यमराज महत र सुरेश बिसीले सांगीतिक प्रस्तुति राखेको कार्यक्रममा कतारको सरकारी निकाय श्रम तथा श्रमिक बीमा र सहयोग कोष मन्त्रालयका प्रतिनिधि सलिम अल मोहनन्दी र खालिद अब्दुलरहमानसहित उपस्थितहरुले मनोरञ्जन लिएका थिए । सो अवसरमा कतारमा स्थापित विभिन्न संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधि, भारतीय कमिटीका अध्यक्ष, फिलिपिन्स कमिटीका प्रतिनिधिसँगै कलाकार, पत्रकारहरूको उपस्थितिसहित शुभकामना मन्तव्य रहेको थियो । वक्ताहरूले संघले श्रमिकका हक र हितका लागि गरेका कार्यको खुलेर प्रशंसा गरेका थिए। भारतीय कमिटीका एडभाइजर सन्दीप शर्माले जीवन बीमाको आवश्यकता र लाभका बारेमा बताए । उनले सम्पूर्ण श्रमिकहरूलाई जीवन बीमा गर्न आग्रह गरेका थिए ।

संघले दुई वर्षे कार्यकालमा गरेका कार्यप्रगति विवरण भर्चुअल माध्यमबाट देखाइएको थियो । प्रशिक्षक विमल सुवेदीले श्रमिकहरूले पाउने हक हित तथा कम्पनी कसरी फेर्न सकिन्छ जस्ता विषयमा प्रस्टाएका थिए । अधिवेशनमार्फत संघले विभिन्न कालखण्डमा आयोजना गरेका विभिन्न कार्यमा सहयोग गर्दै आएका विभिन्न संघ संस्था, कलाकार, पत्रकारलगायत अन्य विशिष्ट व्यक्तित्वहरुलाई मायाको चिनो र सम्मान पत्रद्वारा सम्मान गरेको थियो ।

संघका प्रथम उपाध्यक्ष नारायण खपाङ्गी मगरले स्वागत मन्तव्य राखेको कार्यक्रमको सहजीकरण संघका सचिव सुरत शाहीले गरेका थिए। अधिवेशनको खुला सत्रको समापन गर्दै सभापति लम्सालले आफ्नो कार्यकाललाई सफल बनाउन प्रत्यक्ष परोक्षरूपमा सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गर्दै नयाँ बन्ने कार्यसमितिलाई सदैव श्रमिकका हक र हितका लागि काम गर्न शुभकामना दिएका थिए ।

# एनआरएनए कतारको दशौं अधिवेशन सम्पन्न

दशौं अन्तर्राष्ट्रिय महाधिवेशनबाट केही बुँदामा असहमति जनाउँदै अलग भएको शेष घलेद्वारा संरक्षित गैरआवासीय नेपाली संघ (एनआरएनए) कतारको दशौं अधिवेशन तथा रचना वाचन कार्यक्रम शुक्रबार सम्पन्न भएको छ। रेडिसन ब्लु होटेलमा सम्पन्न अधिवेशनको बन्द सत्रबाट सुनिल घिमिरेको अध्यक्षतामा निर्विरोध नयाँ कार्यसमिति चयन भएको छ । कार्यसमितिको वरिष्ठ उपाध्यक्षद्वयमा कल्याण थापा र मञ्जु खनाल, उपाध्यक्षद्वयमा सूर्य नारायण सापकोटा र सोमनाथ कँडेल, महासचिव ध्रुवराज अधिकारी, सचिवहरू क्रमशः अरविन्द चौधरी, पुष्पराज कोइराला र ई.अंकित श्रेष्ठ, कोषाध्यक्ष अजय श्रेष्ठ, सह-कोषाध्यक्ष- जहाङ्गिगघर आलम रहेका छन् ।

संघको कार्यसमिति सदस्यहरूमा रिता पोखरेल, सुस्मिता कोइराला र जय शंकर कुमार शाह रहेका छन् भने युवा संयोजकमा प्रेम नेपाल रहेका छन् । अधिवेशनको बन्द सत्रले आइसीसी सदस्यमा सुरेश भट्टलाई चयन गरेको छ। एनसीसी कतारको पहिलो बैठकले महिला उपाध्यक्ष, महिला संयोजक र पाँच जना कार्य समिति सदस्य मनोनीत गर्ने गरी अधिवेशन सकिएको छ । दशौं अधिवेशनको खुल्ला सत्रमा साहित्यकार शेखर बस्नेत र सुजता डिसीले गजल र मुक्तक वाचन गरेका थिए । एनआरएनएको इतिहासमा पहिलो पटक अधिवेशनमा साहित्यलाई स्थान दिइएकोप्रति कार्यक्रममा उपस्थित कतारमा स्थापित विभिन्न संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूले खुलेर प्रशंसा गरेका थिए । अधिवेशन सफल बनाउने आइसीसीका विभिन्न तह र तप्काका पदाधिकारीहरूको उपस्थितिसहित मन्तव्य रहेको थियो। आफ्नो मन्तव्यका क्रममा वक्ताहरूले एनआरएनलाई संस्था नभई क्लब जस्तो बनाएको हुँदा फुटको अवस्था आएको बताउँदै चर्को आलोचना गरेका थिए । दुई वटा आइसीसीको एकताका लागि आफूहरू बाधक नरहे पनि ओदाने समूहले बेवास्ता गरेका कारण एकता हुन् नसकेको बताएका थिए ।

आफ्नो शुभकामना मन्तव्य राख्दै आइसीसीका सल्लाहकार धरम केसीले एनआरएनएको ऐन अनुसार हरेक १० वर्षमा संस्था नवीकरण गर्नुपर्ने प्रावधान रहेको बताउँदै हालका चोइटिएर बनेका अरू २ वटै एनआरएनए अवैधानिक रहेको बताए । उनले आफूहरू संस्थापन पक्ष रहेको दाबी गर्दै आफूहरूसँग अरू हाँगाहरूले एकता गर्न आउनुपर्ने बताए । संघका तदर्थ समितिका अध्यक्ष सुरेश भट्टको सभापतित्व तथा नेपाली नियोग कतारका प्रथम सचिव कृष्ण कुमार सुबेदीको प्रमुख आतिथ्यतामा अधिवेशन सम्पन्न भएको हो ।

आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि सुबेदीले एनआरएनएसँग आफू पछिल्लो २० वर्षदेखि जोडिएको र आफ्नो आँखा अगाडि नै १० जना व्यक्तिले एनआरएनए बिगारेको देखेको बताए । उनले एनआरएनएका अभियन्ताप्रति लक्षित गर्दै आफ्नो गोजीको पैसा हालेर समाजसेवा गर्ने तपाईँले किन गाली खादै हुनुहुन्छ किन फाट्दै ओदाने र उत्तानेमा पुग्नु भयो भनी कटाक्ष गरेका थिए । कतारमा मजदुरका हितमा कमै संस्थाले काम गरेको बताउँदै मजदुरको हकहितमा काम गर्न कसले अनुमति दिनुपर्ने हो भने प्रतिप्रश्न गरे । उनले सभापतिप्रति लक्षित गर्दै तपाईंहरूले संस्था जन्माए पनि काम गरेको आफूले नदेखेको बताउँदै मजदुरका पक्षमा ज-जसले काम गरे पनि दूतावास साथमा रहने बताए। तपाईहरूले राम्रा काम गर्दा दूतावासले साथ नदिनुपर्ने कारण के छ भनेर संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिहरुलाई प्रश्न गरेका थिए।

संघका महासचिव धुब्रराज अधिकारीले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभापति भट्टले आफूले नेतृत्व गरेको एनसीसी कतारमा जन्मनु एनआरएनएका अभियन्ता नै प्रधान कारण रहेको बताए । एनआरएनएमा फुट आउनुमा आफू कारक नरहेको बताउँदै आफूले एनसीसी गठन गर्दै नेतृत्व लिएपछि समाजमा निषेधमा परेको बताए । 'चिठी लेखेर निषेध गरिएको छ, राजनीतिक दल लगायत कतारका धेरैले आफूहरूलाई निषेध गरेछ्छन्' भट्टले गुनासो पोखे । उनले सामाजिक परिवर्तनका लागि हिँडेको युवालाई निषेध गरिनु समाज मुट्ठी भरका व्यक्तिको हातमा रहेको प्रस्ट भएको बताए।

'एनआरएनए साहित्य पुरुषकार कतार-२०२३' बाट खोटाङमा जन्मिएका साहित्यकार प्रेम प्रसाद भट्टराई सम्मानित भएका छन् । उनलाई प्रवासमा रहेर निरन्तर सबै जसो विधामा नेपाली साहित्यको श्रीवृद्धिका लागि महत्वपूर्ण भूमिका खेलेको भन्दै भट्टराईलाई सम्मान गरिएको हो । अधिवेशनमार्फत विभिन्न व्यक्ति तथा संस्थाहरु सम्मानित भएका थिए ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७८/१२/०६ मा दर्ता भएको **पुर्व राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महिला भलिवल खेलाडी फाउण्डेशन प्रा.लि. (प्रा.लि. नं. २८६८९९)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## Japan मा रोजगार

कम्पनी : JOHO VENTURE COOPERATIVES SOCIETY
शहर : Tokyo

JAPAN मुलुकको विभिन्न बहु प्रतिष्ठित कम्पनीहरूबाट नेपाली कामदारहरूको माग भै आएकोले इच्छुक व्यक्तिहरूले सक्कल राहदानी, १२ प्रति पासपोर्ट साईजको सेतो पर्दा भएको फोटो तथा अनुभबका प्रमाणपत्र सहित तुरुन्त सम्पर्क गर्नुहोला ।

पूर्व स्वीकृत मितिः २०७९/०१/२२ चलानी नं.: ६०१७८९४७ LT. No.: 262693 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलब JapaneseYen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Meals Prepared | 8 | 0 | 180440 | १६८,७११ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

२. कम्पनी : ASIA BUSINESS CONNEXION शहर :Hyogo
पूर्व स्वीकृत मितिः २०२२/०८/११ चलानी नं.: ६०१९२१८३ LT. No.: 266209 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलब JapaneseYen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 3 | 0 | 165627 | १५४,८६१ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

३. कम्पनी : ASIA BUSINESS CONNEXION शहर : Hyogo
पूर्व स्वीकृत मितिः २०२२/०८/११ चलानी नं.: ६०१९२१८४ LT. No.: 266210 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलब JapaneseYen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Excavator | 3 | 0 | 165627 | १५४,८६१ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

४. कम्पनी : DIVERSE ASIAN INDUSTRIES COOPERATIVE शहर : OSAKA
पूर्व स्वीकृत मितिः २०७९/१२/०२ चलानी नं.: ६०२०१३२३ LT. No.:282737 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलब JapaneseYen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sanitary Worker | 9 | 6 | 164445 | १५३,७५६ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

५. कम्पनी : FUAN BUSINESS COOPERATIVE शहर : NIIGATA-KEN
पूर्व स्वीकृत मितिः २०७९/१२/०२ चलानी नं.: ६०२०१३२४ LT. No.: 282738 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलब JapaneseYen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 3 | 0 | 162168 | १५१,६२७ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

६. कम्पनी : ASIAN HUMAN RESOURCES SUPPORT COOPERATIVE ASSOCIATION शहर : CHIBA
पूर्व स्वीकृत मितिः २०८०/०२/०९ चलानी नं.: ६०२०३१२६ LT. No.:286517 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलब JapaneseYen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Interior Decoration Finishing/Car | 3 | 0 | 179667 | १६७,९८९ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

७. कम्पनी : TOKUSHIMA INTERATIONARU BUSINESS COOPERATIVE शहर : Tokushima-Ken
पूर्व स्वीकृत मितिः २०८०/०३/२७ चलानी नं.: ६०२०४६१३ LT. No.:288812 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलब JapaneseYen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food Manuacturing | 3 | 3 | 143170 | १३३,८६४ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

८. कम्पनी : N SUPPORT COOPERATIVE शहर : NIIGATA CITY
पूर्व स्वीकृत मितिः २०८०/०३/२६ चलानी नं.: ६०२०४६१४ LT. No.:288813 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलब JapaneseYen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolding | 3 | 0 | 163325 | १५२,७०९ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

९. कम्पनी : KYUSYU CONSTRUCTURES COOPERATIVE ASSOCIATION शहर : Japan, Kumammoto
पूर्व स्वीकृत मितिः २०८०/०४/०५ चलानी नं.: ६०२०५१६४ LT. No.:289392 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलब JapaneseYen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture | 3 | 0 | 154638 | १४४,५८७ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

१०. कम्पनी : A KYODOKUMIAI शहर : Japan, Hiroshima-Ken
पूर्व स्वीकृत मितिः २०८०/०४/०९ चलानी नं.: ६०२०५१६३ LT. No.:289935 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलब JapaneseYen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Carpenter | 3 | 0 | 161007 | १५०,५४२ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

११. कम्पनी : ASIA BUSINESS CONNEXION शहर : Hyogo
पूर्व स्वीकृत मितिः २०२२/०८/११ चलानी नं.: ६०१९२१८२ LT. No.: 266211 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलब JapaneseYen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Excavator | 3 | 0 | 165627 | १५४,८६१ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

१२. कम्पनी : N SUPPORT COOPERATIVE शहर : Japan,Niigata city
पूर्व स्वीकृत मितिः २०२३/०८/२९ चलानी नं.: ६०२११५७४ LT. No.:291394

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलब JapaneseYen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Iron Work | 2 | 0 | 149625 | १३९,८९९ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

१३. कम्पनी : ASIA BUSINESS CONNEXION शहर : Japan, Hyogo
पूर्व स्वीकृत मितिः २०२३/०८/२९ चलानी नं.: ६०२११५७२ LT. No.:291395

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलब JapaneseYen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painting Worker | 2 | 0 | 173000 | १६१,७५५ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

१४. कम्पनी : FUAN BUSINESS COOPERATIVE शहर : Japan, Niigata-ken
पूर्व स्वीकृत मितिः २०२३/०८/२९ चलानी नं.: ६०२११५७३ LT. No.:291398

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलब JapaneseYen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolding | 3 | 0 | 168300 | १५७,३६१ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० पुस ८ गते (24 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | पुनः विज्ञापन रु. ५०,०००/- अन्य विज्ञापनको रु. ४०,०००/- |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १९ वर्ष पुरा भई २५ वर्ष ननाघेको अविवाहित हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको
उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिनभित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको ) कुल खर्च** : पुनः विज्ञापन रु. ५०,०००/- अन्य विज्ञापनको रु. ४०,०००/- मात्र

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी** :
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता मा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् ।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**जापानीज भाषामा N4 Level पास गरेका आवेदकहरुलाई प्राथमिकता दिइनेछ ।**

Oxon International Pvt. Ltd.
श्रम इजाजत नं. ९८९/०६७/०६८
New Baneshwor-10, Kathmandu, Nepal
Tel.: 01-014581800 | E-mail : oxonkk@gmail.com



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१ पुस २०८०, आइतबार
17 December 2023, Sunday

## सम्पादकीय

# चिर्न नसकेको निराशा

तेस्रोपटक प्रधानमन्त्री बनेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले एक वर्ष पार गर्दैछ । आगामी १० पुसमा एक वर्ष पुग्नेछ । सरकारको वर्षदिन पुग्दैगर्दा स्वयं प्रधानमन्त्री र मन्त्रीहरूले आफ्नो प्रगती विवरण सार्वजनिक गर्न थालेका छन् । अर्थमन्त्री डा.प्रकाशशरण महतले अर्थतन्त्र लयमा फर्काएको दावी सहित केही दिन अगाडि मात्रै वार्षिक प्रगती विवरण सार्वजनिक गरे । अरू मन्त्रीहरूले सार्वजनिक बक्तव्यमार्फत् आफ्नो कार्यप्रगती विवरण सुनाइरहेका छन् । स्वयं प्रधानमन्त्री प्रचण्डले पनि वार्षिक क्यालेण्डरबारे समीक्षा थालेका छन् । तर अर्थमन्त्रीको दावी र प्रधानमन्त्री प्रचण्डकै विवरण पनि सन्तोषजनक छैन । प्रधानमन्त्री प्रचण्डले मन्त्रालयका सचिवहरूलाई दोष दिएका छन् । आफूले कबोलेको वचन बमोजिम काम नभएको प्रधानमन्त्रीको स्वीकारोक्ति छ ।

जबकी प्रचण्डको तेस्रो कार्यकालमा केही गरेर देखाउने सार्वजनिक अभिव्यक्ति दिएका थिए । शपथ ग्रहण लगत्तै संघीय संसदमै उभिएर पहिलो र दोस्रो कार्यकालमा काम गर्न नसकिएकाले तेस्रो कार्यकालमा ठोस् काम गर्ने बताएका थिए । तर तेस्रो कार्यकालमा प्रचण्डले पृथ्वीजयन्ती र जनयुद्ध दिवसको दिन सार्वजनिक विदा दिने अनि विभिन्न समयमा ज्यान गुमाएकाहरूलाई राष्ट्रिय शहीद घोषणा गर्ने बाहेक उल्लेख्य देखाउने केही गर्न सकेनन् । गृहमन्त्री बनेर आएपछि नारायणकाजी श्रेष्ठले ठूला भ्रष्टाचारका मुद्दा खोल्ने काम थालेका थिए । नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्व उपप्रधान एवं गृहमन्त्री बालकृष्ण खाँण, पूर्वउप्रधानमन्त्री एवं नेकपा एमालेका सचिव टोपबहादुर रायमाझी समेत पक्राउ गरेर केही आशा पनि जगाएका थिए । तर ललिता निवास जग्गा प्रकरणमा पनि केही ठूला व्यक्ति समातिएका थिए ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भित्रिएको अवैध सुन ठूलो मात्रामा समातिएको थियो । तर यी प्रकरणहरूमा सत्तारूढ घटक दलकै ठूला नेताहरू समातिन थालेपछि सरकारको सुशासन यात्रा रोकियो । विशेषगरी ललिता निवास प्रकरणमा पूर्वप्रधानमन्त्रीहरू माधवकुमार नेपाल र बाबुराम भट्टराई जोडिएपछि सरकार पछि हटे । नक्कली शरणार्थी प्रकरणमा आरजु राणाको नाम जोडिएपछि आमसाधरणकै पूर्वानुमान जस्तो सरकारको सुशासन यात्रा रोकियो । बरू यो अवधिमा भूकम्प पीडितले समयमा न्यानो नपाउनेदेखि समातिएका अभिव्यक्तिहरू अदालतबाट छुट्ने काम भयो । पाँच वर्षे अवधिमा तीन वटा सरकार बन्ने बचनवद्धता सार्वजनिक भयो । देश छोड्ने युवाहरूको संख्या घटेन भने आर्थिक सूचकांक गतिलो भएन । उल्टै व्यवस्था उल्टाउनुपर्नेदेखि धार्मिक असहिष्णुताको गतिविधिले बलियो स्थान पाए । समग्रमा प्रचण्डले एक वर्षे अवधि सिध्याउनु बाहेक आमसाधरणमा आशा जगाउने काम हुन सकेन ।

# मिथिला कलाको अर्थबोध

*मिथिलाको संस्कृति लोक वैदिक संस्कृति हो । यसको कला परम्परा लोक वैदिक संस्कृतिकै उपज हो, चित्रकला पुस्ताले आर्जित गरेको सम्पत्ति हो र जसमा युगानुरूप नयाँ आयाम थपिँदै गएका छन् । विषय-वस्तु, रङ्गमा परिवर्तन आए पनि मौलिक संस्कार र प्रवृत्ति अझ पनि त्यसै रूपमा सुरक्षित छ ।*

धर्म-संस्कृति



● हिमांशु चौधरी

मिथिला चित्रकलामा प्रतीकहरूको प्रयोगले मिथिलाको सम्पूर्ण सांस्कृतिक जीवन परिलक्षित भएको पाइन्छ । मैथिलहरूले हजारौं वर्ष पहिलेबाट उत्सवका लागि चित्रकलालाई विकसित पारेको देखिन्छ । चित्रहरू तान्त्रिक प्रतीकहरूले परिपूर्ण रही जीवनको तान्त्रिक विचारधाराको प्रतिनिधित्व गरिरहेका छन् । कोहवर, अरिपन र पौराणिक कथामा आधारित दृश्य मिथिला चित्रकलामा जनप्रिय रहेका छन् । अरिपनको पदचिह्न सूर्य, चन्द्र तथा पृथ्वीको आत्माको रूप पाइन्छ । सिन्दुरको रातो बिन्दुले प्रकृतिको शक्तिरूपलाई बोध गराउँछ । कोहवरमा बासनात्मक मुद्रा, अरिपनमा शास्त्रोक्त क्रिया पद्धति एवम् घरेलु धार्मिक उत्सवहरूका लागि पवित्र ठाउँको प्रतिनिधित्व पनि गरिरहेको छ ।

चित्रहरू पुरातन शैलीको भएतापनि स्पष्टरूपले भाव र प्रतीकमा श्रेष्ठ छन् । चित्रमा मुख सधैं पार्श्व दृश्यमा हुन्छन् भने आँखा अगाडिबाट देखिने हुन्छन् । खुट्टाहरू तिर्यक, लामा चुच्चे नाक र ठूला आँखा भएका अनुहारले मङ्गोलियन प्रभाव निर्मित नदेखाई आर्य सन्ततिको बोध गराउनु यसको उत्कृष्टता मानिन्छ । आज-भोलि पनि मिथिलाका नारीहरू कुनै धार्मिक काम र उत्सवमा आफ्ना घर, भित्ता एवम् आँगन चित्रहरू बनाउँछन्, बनाइएका चित्रहरू प्राचीन र मध्यकालीन चित्रहरूको जस्तै साधारण हुन्छन् तथा तत्कालीन समयको मिथिलाको पुरातन परम्परालाई जीवित रूपमा देखाउँछन् । मूलरूपमा यो कला नारी वर्गसँग सम्बद्ध छ । यो आश्चर्य तर सत्य हो कि पुरूष वर्गले अपवादरूपमा नै कला साधनामा भाग लिएका छन् ।

मिथिलाको संस्कृति लोक वैदिक संस्कृति हो । यसको कला परम्परा लोक वैदिक संस्कृतिकै उपज हो, चित्रकला पुस्ताले अर्जित गरेको सम्पत्ति हो र जसमा युगानुरूप नयाँ आयाम थपिँदै गएका छन् । विषय-वस्तु, रङ्गमा परिवर्तन आए पनि मौलिक संस्कार र प्रवृत्ति अझ पनि त्यसै रूपमा सुरक्षित छ । यस कलाको सांस्कृतिक महत्वसहितको इतिहास हर्षवर्द्धन (सन् ६०३-६४३) को समयमा रचित हर्षचरित र नैषद्ध चरित ग्रन्थहरूमा उल्लेखित ग्रहवर्मनको कोहवर भित्ति चित्रमा देवता र कामदेवको चित्र तथा अरिपनहरूको चर्चा पाइन्छ ।

कालिदासको महाकाव्य मेघदूतमा पनि काव्यका चरित्र नायक नवविवाहित यक्षको कोहवर घरको प्रवेश द्वारको भित्तिमा कमल शङ्खका चित्र बनाएको उल्लेख छ । त्यतिखेर विवाहका लागि वरवधुको वरण गरेअनुसार वरको अनुपस्थितिमा वरको प्रतीक फलक (काठ/हाती दाँत) बनाएर पडाउने वा मगाएर हेर्ने र यज्ञ वरको चित्र राखेर विवाह गर्ने प्रचलन रहेको पनि तत्कालीन साहित्यमा चर्चा भएको पाइन्छ । यस कलाको प्रशंसात्मक चर्चा चौधौं शताब्दीका विद्वान त्योतिरीश्वरले पनि वर्ण रत्नाकर नामक पुस्तकमा गरेका छन् तर यसको परम्परालाई हेर्ने हो भने अझ प्राचीन कालको हिन्दु सभ्यता र संस्कृतिको स्वर्णिम युगको इतिहासका पानालाई पल्टाउनु पर्ला जस्तो लाग्छ ।

डा. उपेन्द्र ठाकुरको 'हिस्ट्री अफ मिथिला' पुस्तकमा भगवान रामचन्द्रको विवाहमा पनि राजा जनकको दरबारमा भित्तेचित्रहरू बनाइएको उल्लेख छ । मिथिला चित्रकलामा सेतो रङ्ग अर्वा चामलको पीठो, सिन्दुरी रङ्ग सिन्दूर र बाखीको दूधको मिश्रण, नीलो रङ्ग वनस्पति नील, रातो रङ्ग कुसुम फूल, पीत रङ्ग डोका, घोंघाबाट चूनामा वरगदको दूध मिश्रण, हरियो रङ्ग सिमी वा बेलको पात र कालो रङ्ग जौका खरानी र गाईको गोबर वा बेलको गुंदको मिश्रणको चलन रहेकोमा वर्तमानमा रासायनिक रङ्गले प्रश्रय पाएको छ ।

प्राकृतिक रङ्गहरूमा स्थायित्व हुन्छ भने रासायनिक रङ्गमा स्थायित्वको अभाव देखिएको छ । प्राकृतिक रङ्गहरू घरैमा बनाउने चलन थियो । यसका विषयवस्तुहरूमा मुख्यतया: लौकिक, पारलौकिक र



> *मिथिला चित्रकलामा धार्मिक आस्थासँगै वैज्ञानिक तथ्य पनि पर्याप्त छन् । देवीदेवता, सूर्य, चन्द्र, तारा, नवग्रह, पृथ्वी, सर्प, जलाशय, माछा, विच्छी आदिको धार्मिक महत्वसँगै वातावरणसँगसमेत सम्बन्धित छ । तिनीहरूको चित्र बनाएर पूजा गर्नु धार्मिक मान्यताअनुसार डरबाट मुक्ति र सुरक्षित रहनु पनि मानिन्छ ।*

प्रतीकात्मक पक्षहरूलाई समेटिएको पाइन्छ । लौकिक विषयवस्तुअन्तर्गत धार्मिक, सांस्कृतिक र काल्पनिक विषयवस्तुमा प्राकृतिक दृश्यहरू नदी, पहाड, बगैंचा, लहरा, कदम, कटहर, चरा, माङ्गलिक वस्तुहरूको साथै सजावटका विभिन्न चित्रहरू र पारलौकिकमा देवीदेवताका सुन्दर चित्रहरू पर्दछन् । प्रस्तुत शिव, विष्णु, लक्ष्मी, सरस्वती, रामसीता, राधाकृष्णका चित्रमा मानवीय भाव, स्नेह एवम् ममताको प्रतीकात्मक अभिव्यक्तिको बोध गराउँछ ।

त्यस्तै, प्रतिकात्मक विषयअन्तर्गत विभिन्न वनस्पति, प्राणीलगायत चराचुरूङ्गीको बाहुल्यता पाइन्छ । धार्मिक अनुष्ठान र लोकाचारमा आधारित यो कला जीवनको अभिन्न अङ्ग हो । यस कलामा सामान्यतः सात किसिमको रङ्गको प्रयोग देखिन्छ । प्राकृतिक र घरेलु उपकरणबाट तयार गरिएको रङ्गले भिन्दा भिन्दै वस्तुहरूको भावलाई उजिल्याउने गरेको छ जो पुस्तौं पुस्तादेखि आमसमुदायमा स्थापित हुँदै आएको छ । पूजाआजा, चाडपर्व अन्य संस्कारहरू उपनयन, विवाह जस्ता अवसरमा कुन-कुन प्रतीकको प्रयोग गर्नेबारे एउटा परम्परा नै बसेको पाइन्छ । मिथिला चित्रकलामा लौकिक अन्तर्गत जीवन र प्रकृतिलाई आधार बनाई वस्तुसत्तात्मक र धारणात्मक प्रतीक परिलक्षित हुने गरेको छ । मिथिला चित्रकलामा प्रतीक संयोजन अत्यन्त कलात्मक रूपमा गरिएको पाइन्छ । कलामा संयोजन गरिएका हात्तीलाई शुभ, वैभव र नारी जातिको प्रतीकका रूपमा मानिएको छ भने घोडालाई सूर्य, बल र पुरूष जाति, गाईलाई पवित्रता र मातृत्वका प्रतीक मानिएको छ । त्यस्तै सुगालाई गुरू र मित्रता, माछालाई उत्पादनशक्ति र नारी जातिको प्रतीक मानिएको पाइन्छ । अन्य जीवजन्तुमा कछुवालाई विष्णु, पुरुष वर्ग र दीर्घायु, हाँसलाई सौन्दर्य तथा संसारका कठिनाई पार गर्दै जाने र ज्ञानका प्रतीक मानिएको छ भने युगल जोडी हाँसलाई प्रणय र सुखद् दाम्पत्य जीवनको संकेतका रूपमा लिइएको छ ।

कला मानव संस्कृतिको उपज भएकाले कला र संस्कृतिमा लोककलाको अनौठो संयोजन पाइन्छ । मिथिला चित्रकलामा मयुरलाई नृत्य, सौन्दर्य एवम् प्रेमको निवेदक र अनारलाई सौन्दर्यको प्रतीक मानिन्छ । त्यस्तै कदमको फूललाई प्रेमको र कमल फूललाई कोमलता, अनुराग, सौन्दर्य, नारीको शरीरका साथै लक्ष्मीको संकेत प्रदान गरी वैभवलाई औंल्याएको हुन्छ । त्यस्तै बाँसलाई वंश वृद्धि र पुरूष जातिको प्रतीकका रूपमा मानी चित्रहरूमा अङ्कित गरिएको पाइन्छ ।

सरसता, समरसता एवम् संवेदनशीलतासमेत यो प्रतीकात्मक परम्परा मैथिल संस्कृतिको एउटा यस्तो शिल्प हो जो मैथिलहरूको जीवनशैलीमा यसको दखल नङ-मासुजस्तो देखिन्छ । चित्र तथा मूर्ति बनाइएको घर शून्य हुँदैन भन्ने प्राचीन मान्यताका आधारमा चित्रका अलङ्कारिक अंशका गुणग्राहक तत्वलाई महत्व दिएर त्यसलाई आफ्नो संस्कृतिको आत्माका रूपमा चिरस्थायी बनाएको पाइन्छ । मैथिल संस्कृतिमा विवाहको चतुर्थीको विधि नहुन्जेलसम्मको भित्ते चित्र पनि रङ्गाउने गरिन्छ । यसमा केटाकेटी र घोडाको चित्रद्वारा प्रतीकात्मक रूपमा यौन शिक्षा प्रदान गर्ने जमर्को गरिएको हुन्छ । कोहबर घरका चित्रहरू प्रतीकात्मक अर्थमा सम्पूर्ण जविनचक्रको कथा नै हो ।

मिथिला लोक चित्रकलाले वंशगत शिल्पगत तथ्यअन्तर्गत संसार स्वर्गीय र मानवीय कुराको गठबन्धन जस्तो हो भन्ने भावभूमिमा प्रतीकात्मतालाई आत्मसात गर्दै समाजलाई एक सूत्रमा आबद्ध गर्ने द्योतकसमेत मानिएको छ । मैथिल महिला जुन हातले चित्र बनाउँछन् तिनीहरू तिनै हातले भित्तामा उस्तै कलाकृतिको पनि सिर्जना गर्दछन् । तिनै हातले सिकी, मोथी, मुञ्ज आदिका अनेक शिल्पी सामग्री पनि रङ्गीन चित्रावली समान रचना गर्दछन् । ती कलाहरूमा जीवन, प्रकृति र कल्पनालाई विषय वस्तुगत रूपमा संयोजित गर्दा कसैकसैले प्रकृतिको निरीक्षण गर्ने चेष्टा गरेका हुन्छन् भने कसैले जीवनको गतिशीलता र कसैले काल्पनिक भावनालाई गीतात्मकरूपमा सम्प्रेषण गर्न खोजेको पाइन्छ ।

मिथिला चित्रकलामा जानेर-नजानेर धार्मिक आस्थाका आधारमा वैज्ञानिक तथ्य पनि पर्याप्त छन् । देवीदेवता, सूर्य, चन्द्र, तारा, नवग्रह, पृथ्वी, सर्प, जलाशय, माछा, विच्छी आदिको धार्मिक महत्वसँगै वातावरणसँगसमेत सम्बन्धित छ । तिनीहरूको चित्र बनाएर पूजा गर्नु धार्मिक मान्यताअनुसार डरबाट मुक्ति र सुरक्षित रहनु पनि मानिन्छ । भित्ति र भूमिबाट कागत र कपडामा नियमित प्रयोजनमा सीमित मिथिला चित्रकला विश्वका सामुन्ने कला पारखी र प्रेमीलाई आनन्द दिन पनि सफल तथा लोकप्रिय भएको छ । मिथिला चित्रकलाले विदेशी कलाप्रेमीका पर्व र समारोहमा शुभकामना आदान प्रदान गरी जित्न सफल भएको पनि देखिन्छ । यसरी हजारौं वर्षदेखि मैथिल जनजीवनमा प्रतीक विधानद्वारा छाप छोड्दै आइरहेको मिथिला चित्रकलाका यी विशिष्ट चित्र शैलीहरू पनि आफ्नो रहस्यमय र तान्त्रिक अर्थबोधको लागि निरन्तर अध्ययन शोधको विषयका रूपमा स्थापित भइसकेकाले यसलाई पाठ्यक्रममा राखी जीवन्त राख्नुपर्दछ ।

*(लेखक मैथिलि साहित्यका जानकार हुन् ।)*

## सामाजिक सञ्जाल



**- बिमल पोखरेल**

डाक्टर गोविन्द केसीले फेरि अभियान थालेका छन्, अब सरकारी अस्पतालमा हड्ताल हुनेछ । भर्ना बिरामीको स्लाइन निकालिनेछ, जबर्जस्ती डिस्चार्ज गरिनेछ । महिनौं पालो पर्खिरहेका अपरेसन रद्द हुनेछन् । निजी अस्पताल बिरामीले भरिभराउ हुनेछन् । माफियाकरण कसिलो हुनेछ, सरकारी स्वास्थ्य प्रणाली ध्वस्त हुँदै जानेछ ।



**- रञ्जित तामाङ**

काठमाडौं महानगरले सुर्तीजन्य पदार्थको बिक्री-वितरण रोक्नु वित्त संघीयतामा बहसको विषय पक्कै हो । तर, सामाजिक मूल्य र कानून कार्यान्वयनका हिसाबले महत्वपूर्ण यो निर्णय लागू नगर्न अन्तरिम आदेश हुनु अदालतमा 'हिरोइज्म'को प्रेत पसेर कानूनको व्याख्या गर्ने संस्कार मर्दै गएछ भनेर बुझौं ।



**- सुर्यराज आचार्य**

नेपालमा नीति/कानुन बनाउँदा कुनै गम्भीर अध्ययन/अनुसन्धान/गृहकार्य गरिन्न । लटर-पटर शैलीले बनाइन्छन् । यस्ता नीति/कानूनका कतिपय प्रावधान कार्यान्वयनका लागि आफै बाधक बन्छन् । कतिपय प्रावधानले स्वार्थ समूहका लागि लुट या भ्रष्टाचारको छिद्र छाडेका हुन्छन् ।



**- निर्मल प्रसाईं**

सबै निर्णय अदालतले गर्ने भए अर्बौं रुपैयाँ खर्चेर जनप्रतिनिधि किन चुन्नुपर्‍यो ? जहाँपनि हस्तक्षेप ! उच्च अदालत पाटनले सुर्तीजन्य पदार्थ बिक्री-वितरणमा रोक लगाउने काठमाडौं महानगरको निर्णय कार्यान्वयन नगर्न आन्तरिम आदेश दिएको छ ! लोकतन्त्र डिरेल गराउने षडयन्त्र, ठूलो चलखेल छ ।

# सांस्कृतिक रूपान्तरणको सन्दर्भ

विचार



● ज्योतिलाल वन

> *धर्मसंस्कृतिसँग गाँसिएर आममानिसको आस्था र विश्वासमा भिज्न पुगेका गलत कुरीति र कुपरम्पराहरूलाई बलात तोड्न सकिन्न र हठात् यस्तो प्रयास गरेमा विग्रह र अनिष्ठ परिणाम आउने सम्भावना रहन्छ । त्यसकारण आम मानिसको भावनामा प्रत्यक्ष चोट नपुऱ्याउने गरी सांस्कृतिक रूपान्तरणमुखी अभियानहरूलाई शिष्टतापूर्वक अगाडि बढाउने प्रयास गरिनुपर्छ ।*

नेपाली समाज युगौं पहिलेदेखि अन्धविश्वासमा आधारित नानाखाले कुरीति र कुपरम्पराहरूबाट ग्रसित हुँदै आयो । राजनीतिक परिवर्तनका लागि सशक्त प्रयासहरू भए र सोअनुरूप परिवर्तन पनि नभएको हैन । तर, यस्ता कुरीति र कुपरम्पराहरूका विरुद्ध अहिलेसम्म अपेक्षित प्रयासहरू हुन नसकेकाले यी मत्थर हैन बरु झन बढी विकृत रूप लिएर झाङ्गिदै गएको अनुभव गर्न सकिन्छ । आफूलाई मार्क्सवादी प्रगतिशील ठान्नेहरूले समेत अहिलेसमम यस्तो मुद्दालाई महत्व दिएर उठाएको पाइँदैन ।

यस्ता कुरीति र कुपरम्पराहरू कथित धार्मिक अन्धविश्वासमा आधारित रहेका छन् । यिनैको आडमा नै शोषण उत्पीडन, लैङ्गिक र जातीय भेदभावलगायत विभिन्न सामाजिक र सांस्कृतिक कुरीति, कुपरम्परा तथा अपराधजन्य प्रचलनहरू दीर्घजीवन बन्न सकेका छन् । आम मानिसको मनमस्तिष्कलाई बसी भूत गर्न सफल यस्ता कुरीति, कुपरम्परा र कुप्रचलनहरू नै मानव समाजका सबैभन्दा जटिल समस्या हुन् । नियम कानून बनाएर, यीसँग सम्बन्धित अपराधमा संलग्न केहीलाई दण्ड सजाय गरेर मात्र यस्ता समस्याहरू समाधान हुन सक्दैनन् ।

धर्मसंस्कृतिसँग गाँसिएर आममानिसको आस्था र विश्वासमा भिज्न पुगेका गलत कुरीति र कुपरम्पराहरूलाई बलात तोड्न सकिन्न र हठात् यस्तो प्रयास गरेमा विग्रह र अनिष्ठ परिणाम आउने सम्भावना रहन्छ । त्यसकारण आम मानिसको भावनामा प्रत्यक्ष चोट नपुऱ्याउने गरी सांस्कृतिक रूपान्तरणमुखी अभियानहरूलाई शिष्टतापूर्वक अगाडि बढाउने प्रयास गरिनुपर्छ । आम सञ्चारका माध्यमबाट र स्कुल कलेजमा पढ्ने विद्यार्थीहरूका लागि एक अनिवार्य पाठ्य विषय बनाएर यो अभियानलाई अगाडि बढाएमा विस्तारै-विस्तारै यस्ता कुरीति, कुपरम्परा र अन्धविश्वासहरू निरुत्साही हुँदै जान सक्ने देखिन्छ ।

जीवन र जगतलाई बुझ्ने विज्ञान र वस्तुसम्मत (मूलतः कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सद्वारा प्रतिपादित द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादमा आधारित) मान्यताहरू तथा जीवनको मर्म, कर्तव्य, अनुशासन, आदर, प्रेम एवम् आदर्श आचरणका लागि प्रेरित गर्ने पूर्वीय दर्शनअन्तर्गत मूल्य मान्यताहरूलाई यो अभियानका लागि आवश्यक विषयवस्तु बनाइनु सान्दर्भिक देखिन्छ ।

सत्ता, शक्ति र सम्पत्तिसँग मूल्य मान्यता साटेका बेइमानहरूबाट स्वविवेक यस्ता अभियानहरू सञ्चालन गरिँदैनन् भन्ने कुरा यस्ताहरू शासन सत्तामा हावी हुन थालेको लगभग ३० वर्षले बताइसकेको छ । उदेक त के लाग्छ भने, आफूलाई क्रान्तिकारी कम्युनिष्ट ठान्नेहरूले पनि यस्ता मुद्दाहरूलाई प्राथमिकतापूर्वक उठाएका छैनन् ।

तथापि, समयको माग पनि परिवर्तनको पक्षमा छ । विश्व घुमेका अनि बुझेका नागरिकले पनि विगतका कुप्रथामाथि लज्जा पोख्ने गर्छन् । जसलाई नहटाई हुँदैन भन्ने उनीहरूको अभिमत देखिन्छ । अतः अब यस्ता मुद्दाहरूलाई प्रभावकारी आन्दोलनका रूपमा उठाएर सत्तासीनहरूमाथि सशक्त दबाब सिर्जना गर्ने अग्रगामी रूपान्तरणका पक्षधर शक्ति पक्कै उदाउने छन् भन्ने अपेक्षा राख्न सकिन्छ ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | मुद्दा मामिलामा सफलता मिल्नेछ । शत्रु परास्त हुनेछन् । |
| वृष : | प्रभावमा वृद्धि हुनेछ । दैनिक जीवन सुखी रहनेछ । |
| मिथुन : | विरोधी सक्रिय रहनेछन्, तर असफल हुनेछन् । |
| कर्कट : | महत्वपूर्ण भेटघाटको योग छ । यश बढ्नेछ । |
| सिंह : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरूमा राम्रो लाभ हुनेछ । |
| कन्या : | सम्बन्धहरूमा विवाद हुने योग छ । स्वास्थ्य राम्रो रहनेछ । |
| तुला : | नयाँ कार्यमा सावधानी राख्नुहोला । विदेश यात्राको योग छ । |
| वृश्चिक : | नयाँ काम बन्नेछ । रोजगार प्राप्तिको योग छ । |
| धनु : | आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । बाहिरी सम्बन्ध राम्रो रहनेछ । |
| मकर : | नयाँ कार्यमा प्रगति हुनेछ । विरोधी सक्रिय हुनेछन् । |
| कुम्भ : | जग्गा खरिद हुने योग छ । साहसिक कार्य सफल हुनेछ । |
| मीन : | सम्मानमा वृद्धि हुनेछ । आहारमा ध्यान दिनुहोला । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# रुसको चुनावमा हस्तक्षेप गर्नेलाई कडा सजाय दिने पुटिनको चेतावनी



**काठमाडौं/एजेन्सी–** आगामी वर्षको निर्वाचनमा विदेशी हस्तक्षेप भएमा यसको विरुद्धमा रुसले 'कठोर' कदम लिने रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले बताएका छन् । उनले विपक्षी नेताहले विदेशमा रहेर आफुविरुद्ध निर्वाचन अभियान चलाउनसक्ने सम्भावनालाई संकेत गर्दै विदेशमा बसी स्वदेशी अभियानलाई प्रभावित पार्न खोज्ने जोकोही पनि रुसी कानुनको कठघरामा उभिनुपर्ने चेतावनी दिएका छन् ।

संसदको तल्लो सदन डुमामा पार्टीका नेताहरुसँगको भेटमा पुटिनले भने, 'रुसको आन्तरिक मामिलामा कुनै पनि हस्तक्षेपलाई रुसी कानुन अनुसार दण्डित र कठोर सजाय दिइनेछ। हामी हाम्रा जनताको स्वतन्त्रता, सार्वभौमिकता र आफ्नो भविष्य रोज्ने अधिकारको रक्षा गरिरहेका छौं । हाम्रो देशमा शक्तिको स्रोत केवल रुसका जनता मात्र हुन् ।'

गत वर्ष युक्रेनको युद्धभूमिमा पश्चिमा प्रतिबन्ध र असफलताको सामना गर्नुपरेका पुटिन सन् २०२३ को अन्त्यमा थप उत्साहित देखिएका छन् । पछिल्लो समय बहुचर्चित युक्रेनी प्रतिआक्रमणले रुसी रेखाहरु तोड्न असफल भएको छ, अर्थव्यवस्था सुधार भइरहेको छ, र कीभको लागि पश्चिमी समर्थन कमजोर भएको देखिन्छ, अमेरिकी कंग्रेस र युरोपेली संघमा नयाँ सहायता कार्यक्रमहरु रोकिएका छन् ।

पुटिनले पछिल्लो समय युक्रेनी सैनिकलाई कैदीका रुपमा पक्राउ गर्ने क्रम ह्वात्तै बढेको बताएका छन् । गत हप्ता उनले मार्च २०२४ को चुनावमा पाँचौं कार्यकालका लागि राष्ट्रपतिपदका लागि आफुले उम्मेदवारी दिने घोषणा गरेका थिए । प्रभावशाली विपक्षी नेताहरु जेलमा रहेकाले लगभग २५ वर्ष सत्तामा रहेका पुटिनलाई आफ्नो विजय यात्रा सहज बनेको छ ।

विशेषगरी भ्रष्टाचार विरोधी अभियानकर्ता एलेक्सी नाभाल्नीलगायत अधिकांश प्रमुख रुसी विपक्षी नेताहरु जेलमा थुनिएका छन् वा निर्वासित जीवन बिताइरहेका छन् ।

# युरेनियमको मूल्य १७ वर्षयताकै उच्च विन्दुमा

**काठमाडौं/एजेन्सी–** आणविक ऊर्जामा नयाँ चासोको पृष्ठभूमिमा सीमित आपूर्ति र तीव्र मागका कारण युरेनियमको मूल्य शुक्रबार करिब १७ वर्षयताकै उच्च स्तरमा पुगेको छ । आणविक इन्धनको रूपमा प्रयोग गरिने युरेनियम अक्साइडको कारोबारका लागि महत्वपूर्ण मानिने सम्झौता जनवरी २००७ पछि पहिलो पटक प्रति पाउण्ड अर्थात् करिब ४५३ ग्रामको ८५.७५ डलर पुगेको छ ।

आणविक ऊर्जामा नयाँ चासोको कारण मागमा भएको वृद्धि र युक्रेनमा रूसको आक्रमणपछि तेल र ग्याँस आपूर्तिको बारेमा डरको कारण पनि यो मूल्य वृद्धि कारकहरूको संयोजनको परिणाम हो । अमेरिकी ऊर्जा सूचना प्रशासनका अनुसार सन् २०२१ मा आणविक ऊर्जाबाट करिब ७० प्रतिशत विद्युत् उत्पादन गर्ने फ्रान्सजस्ता आणविक ऊर्जामा अत्यधिक निर्भर मुलुकका लागि उच्च मूल्यले टाउको दुखाइको विषय बन्नेछ ।

फ्रान्स, बेल्जियम, बेलायत र रोमानियाले हालै धेरै अवरूद्ध पावर प्लान्टहरूको सञ्चालन र विस्तारको लागि अनुमति दिएका छन् । संयुक्त राज्य अमेरिकाको क्यालिफोर्नियाको पब्लिक युटिलिटीज कमिसन (सीपीयूसी) ले बिहीबार लस एन्जलस नजिकैका दुई रिएक्टरको आयु पाँच वर्ष थप्नु स्वीकृति दिएको छ ।

विशेष गरी चीनमा नयाँ परियोजनाहरू पनि शुरु गरिएका छन् । चीनमा २५ रिएक्टरहरू निर्माणाधीन छन् । भारत, टर्की र इजिप्टमा पनि नयाँ परियोजनाहरूको उल्लेख्यरूपमा वृद्धि भएको छ । आणविक उद्योग अनुसन्धान फर्म युएक्ससीका अध्यक्ष जोनाथन हिन्जेका अनुसार आणविक ऊर्जाको बढिरहेको मागलाई आपूर्तिले सम्बोधन गर्न सकिरहेको छैन । विश्व आणविक संघ (डब्लुएनए)का अनुसार विश्वको सबैभन्दा ठूलो युरेनियम उत्पादक कजाकस्तानमा रहेको मागलाई आपूर्तिले सम्बोधन गर्न सकेको छैन । गत वर्ष विश्वव्यापी उत्पादनको ४३ प्रतिशत काजकस्तानले सम्बोधन गरेको थियो ।

कजाकस्तानले विशेष गरी निकासीको लागि प्रयोग गरिएको सल्फ्यूरिक एसिडको कमी र बन्दोबस्तीको समस्याहरूको सामना गर्नुपरेको हिन्जले बताए । डब्लुएनएका अनुसार सन् २०२२ मा विश्वभर करिब ५८ हजार टन युरेनियम निकालिएको थियो ।

गत वर्ष विश्वमा युरेनियम उत्पादनको चार प्रतिशत हिस्सा ओगटेको नाइजरमा हालै भएको सैन्य 'कू'बाट पनि वित्तीय बजार चिन्तित भएको हिन्जेले बताए । रिपब्लीकन नेतृत्वको अमेरिकी हाउस अफ रिप्रेजेन्टेटिभ्सले सोमबार रूसबाट युरेनियम आयातमा प्रतिबन्ध लगाउने पक्षमा मतदान गरेको छ । यो विधेयक अझै पनि डेमोक्र्याटिक पार्टीको नियन्त्रणमा रहेको सिनेटबाट पारित हुन बाँकी छ । यी सबै कारकहरू युरेनियमको ठूलो भण्डार जम्मा गर्ने र मूल्य वृद्धि गर्ने वित्तीय खेलाडीहरूको उदयबाट जटिल छन् ।

यीमध्ये सबैभन्दा ठूलो भण्डार गृह क्यानडाको स्प्रोट हो, जसले जूनको अन्त्य सम्ममा लगभग २८ हजार टन यूरेनियम भण्डारण गरेको छ । युरेनियमको बढ्दो मागपूरा गर्न अमेरिकी राज्य उटाहजस्ता स्थानहरू जस्तै विश्वभरिका पुराना खानीहरू पुन: खोलिएका छन् ।


## Tadi Rural Municipality
## Office of Rural Municipal Executive
Kharanitar, Nuwakot, Bagmati Province, Nepal

### INVITATION FOR BIDS

Invitation for Bids No: TRM/NCB/GOODS/080/81-1(Reb)
Second Date of publication: 2080/09/01 (17th December 2023)
(First Date of publication: 2080/06/02)

1. Tadi Rural Municipality, Kharanitar, Nuwakot invites electronic bids from eligible bidders for the procurement of **Supply and Delivery of Ayurvedic Drugs** under National competitive bidding procedures.

| Contract ID No. | Description of Procurement | Bid Security Amount (NRs) | Bid Document Fee (NRs.) | Last date of Bid Submission | Date of Bid Opening |
|---|---|---|---|---|---|
| TRM/NCB/ GOODS/ 2080/81-1(Reb) | Supply and Delivery of Ayurvedic Drugs | 75,000.00 | 3,000.00 | 12:00 Noon on 2080/09/16 (1st January 2024) | 2080/09/16 (1st January 2024) at 1:00 PM |

2. Eligible Bidders may obtain further information from PPMO egp system and visit website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## चुरे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
घरखेडा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्रको आशय पत्र सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८०/०९/०१ (17th December, 2023)**

यस चुरे गाउँपालिका गाउँ कार्यपालिका कार्यालयको आ.व २०८०/०८१ अन्तर्गत तपसिल बमोजिमको निर्माण कार्यका लागि प्रकाशित सूचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं | विवरण | बोलपत्र स्वीकृतिको आशय दिइएको बोलपत्रदाता | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| 1. | CRM/NCB/Works /03/080/081 | Upgrading of Sahajpur-Alad-Nigali Road | Sukrakamali/Aakrit/Ratadhunga JV, Beldandi-2, Kanchanpur | Rs 1,56,54,781/- |

**प्रमुख प्रशासकीय अधिकृत**

## कुवेतमा रोजगार
कम्पनी : SOSO I M LADIES BEAUTY SALON
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०८/२९ | चलानी नं.: ६०२११५६७ | L.T. No.: 296528

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 1 | सम्बन्धित काममा दक्ष | 100 | ४३,११८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. 3. | Nail Art/hairdresser/ manicurist Pedicurist/salon W | 0 | 7 | | 140 | ६०,३६५ | | | | | | | |
| 4. | Receptionist | 0 | 1 | | 140 | ६०,३६५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस ८ गते (24 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 865/066/067
**RHYTHM OVERSEAS PVT. LTD.**
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825
9804766695, 9766461836, Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com

## कुवेतमा रोजगार
कम्पनी : KATHMANDU BIRYANI RESTAURANT
शहरः Kuwait

पूर्व स्वीकृत मितिः २०८०/०८/२९ | चलानी नं.: ६०२११५६८ | LT. No.: 296535

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | COOK ASSISTANT | 6 | 4 | स. काममा दक्ष | 125 | ५३,८९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० पुस ८ गते (24 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम ईजाजत पत्र नं. १५८१/०७९/०८०
**ROYAL AND PARTNERS** Services Pvt. ltd.
Tokha -10, Kathmandu, Nepal | Phone no.: 01-5914938
Email : info@rpmanpower.com | Web. : www.rpmanpower.com
Mobile: 9823401265 | 9813010593

## युएईमा वैदेशिक रोजगारको अवसर
कम्पनी : ARMED FORCE OFFICERS CLUB & HOTEL
शहरः DUBAI

पूर्व स्वीकृत मितिः २०८०/०८/२९ | चलानी नं.: ६०२११५६० | LT. No.: 296484

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chamber Man | 50 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८९७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chambermaid | 0 | 50 | | 800 | २८९७६ | | | | | | | |
| 3. | Commi I | 20 | 0 | | 1300 | ४७०८६ | | | | | | | |
| 4. | Kitchen Helper | 20 | 0 | | 800 | २८९७६ | | | | | | | |
| 5. | Office Boy | 20 | 0 | | 800 | २८९७६ | | | | | | | |
| 6. | Restaurant Worker | 10 | 0 | | 800 | २८९७६ | | | | | | | |
| 7. | Security Guard | 10 | 0 | | 1500 | ५४३३० | | | | | | | |
| 8. | Waiter | 40 | 0 | | 1200 | ४३४६४ | | | | | | | |
| 9. | Waitress | 0 | 40 | | 1200 | ४३४६४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुष ८ गते (24 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ९२६/०६७/०६८
**VASTU MANAGEMENT SERVICE PVT.LTD.**
Balkumari, Lalitpur, Nepal, Tel. : 01-5200902/5200306, Mob.: 9828223556, 9808772723.
E-mail : info@vmsnepal.com, vmsnepal@gmail.com

## Tatopani Rural Municipality
## Office of Executive Rural Municipal
Litakot-03, Jumla
Karnali Province, Nepal

### Invitation for Bids

**Invitation for Bids No.: TRM/Jumla/W/NCB/2080/81-05**
**Date of publication: 2023-Dec-17**

1. Tatopani Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of Construction of Industrial Village Gram Compound Wall under National Competitive Bidding procedures. The estimated amount for the works is in NRs 1,50,80,024.29 (Exclusive of VAT and Contingencies).
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Tatopani Rural Municipality, Jumla, Karnali Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically and download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp, Bidders, submitting their bid electronically, should deposit the cost (NRs. 3000) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank : Global IME Bank Ltd.**
   **Name of Office : Tatopani Rural Municipality**
   **Office Code no : 8010662046**
   **Office Account no : 26304010000010**
   **Rajaswa (revenue) Shirshak no. : 14229**
4. Pre-bid meeting shall not be held.
5. Sealed or electronic bids must be submitted to the office Tatopani Rural Municipality, Jumla, Karnali Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before 16-01-2024 12:00. Bids received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 16-01-2024 13:00 at the office of Tatopani Rural Municipality, Jumla, Karnali Province Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 4,25,000, which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the cost of Bid Security in Bank:

   **Bank Name : Global IME Bank Ltd.**
   **Account Name : Ga.3.1 Dharauti Khata Tatopani Jumla**
   **Account Number : 26304010000004**
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# बक्स अफिस समाचार



# ‘गीत संगीतमा अश्लिलताले राम्रा सिर्जनाहरु मरिरहेका छन्’

नेपालमा कुनै समय ‘सिम्पल सिम्पल कान्छीको डिम्पल पर्ने गाला’ र पछिल्लो समय ‘उन भित्र गुन फूल्ने र सिरुपाते जुंगामा दाइने हातको ताउ’ सर्वाधिक चर्चामा छन् । कुनै समय नेपाली गीतसंगीतमा एकछत्र राज गर्ने उनै चर्चित गीतकार हुन् शंकर अधिकारी (घायल) । उनलाई नेपाली गीतकारमा पनि आँसु गीतकारका रुपमा चिनिन्छन् । बाल्यकालमा नाटक, कथा र गीति नाटकमा कलम चलाएपछि उनलाई गीत लेखनमा चाख बढेको थियो । सुनसरी घरमा उनले हुलाकमार्फत रेडियो नेपालको गीतिकथा कार्यक्रममा समेत आफ्ना कथाहरु पठाएर आफ्नो सिर्जना स्रोतामाझ पुऱ्याउने गरेका थिए । रेडियो नेपालबाट आफ्नो गीतिकथा प्रसारण भएपछि उनलाई गीत लेखनमा इच्छा बढ्यो । तर उनलाई गीत लेख्ने कसरी हो थाहा थिएन । तै पनि उनी गीत लेखनमा कलम चलाउने गर्थे । जब उनी काठमाडौं आए उनको गायिका नित्या सिवासँगको भेट भयो । उनले गीत लेख्ने यसरी हो नि दाइ भनेपछि उनले लेख्न शुरु गरे । उनले फिल्म ‘दादागिरी’को ‘तिम्रो आँखामा बस्ने रहर भो मलाई’ बोलको गीत लेखेका थिए । जुन गीत अहिले पनि चर्चामा छ । नेपाल टेलिभिजनबाट प्रसारण भइरहेको हास्य टेलिश्रृंखला ‘मेरि बास्सै’को शीर्ष गीत पनि उनैले लेखेका हुन् । त्यसपछि फिल्म ‘खलनायक’, ‘नासिब आफ्नो’, रेखा थापाको फिल्म ‘अन्दाज’को ‘सिम्पल सिम्पल कान्छीको डिम्पल पर्ने गाला’ हिट भएपछि उनले पछाडि फर्केर हेर्नै परेन । उनी एकाएक चर्चामा रहे । उनी गीत लेखनलाई निरन्तता दिँदै फिल्मसमेत लेखन तथा निर्देशनमा लागे । उनले फिल्म ‘लभ इज लाइफ’ लेखे । त्यसपछि उनको व्यस्तता नेपालीमा मात्र नभएर भोजपुरीमा समेत बढ्यो । उनले भोजपुरी फिल्म ‘इ कैसन बौछार’ लेखे । त्यो पनि चर्चामा रह्यो । उनका गीत लेखनमा विशेष भूमिका रह्यो । प्रस्तुत छ कुशल गीतकार तथा निर्देशक **शंकर अधिकारी (घायाल)**ले मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :

**के छ हालखबर ?**

ठिकै छ । गीत लेखनसँगै चलचित्रको काममा नै व्यस्त छु ।

**सिरुपाते जुँगा खुब हिट भयो है ?**

हो नि । यो गीत यसरी हिट होला भनेर सोचेको पनि थिइनँ । तर यो गीत फिल्म ‘छक्का पञ्जा ४’मा समावेश भएपछि थप चर्चामा आयो । टिकटक तथा सामाजिक सञ्जालमा एकदमै हिट भयो । जुन बुस्ट पनि गरिएको थिएन ।

**सिम्पल सिम्पल पछिको यही गीत हिट होला है ?**

अरु पनि थुप्रै छन् । तर सिम्पल सिम्पल कान्छीको पछि यही गीतले फेरि मलाई उचाईमा पुऱ्याउन सफल भयो । १४ वर्षको अन्तरालमा राम्रो सफलता पाएको छु ।

**तपाईं गीत कुन समयमा लेख्नुहुन्छ ?**

मेरो गीत लेख्ने समय नै हुँदैन । जतिबेला पनि लेख्छु । तपाईंले अहिले यही लेख भन्नु, म केही मिनेटमा नै सकाइदिन्छु । मान्छेहरु भन्छन् नि राति लेख्छु, दिउँसो लेख्छु । यो समयमा लेख्छु । मेरो त्यस्तो छैन । जुन बेला पनि लेखिरहेको हुन्छ । मलाई गीत लेख्नका लागि कुनै समय चाहिँदैन ।

**हरेक गीत तपाईंको हिट छन् । पहिलो पटक रेकर्ड भएको कुन गीत थियो ?**

पहिलो हरेक कुरा थाहा हुन्छ । त्यसैले मैले पहिलो पटक लेखेको गीत ‘नियतिले मलाई मात्र गरिरह्यो झेल’ रहेको थियो । जुन गीत स्रोतामाझ लोकप्रिय पनि बन्यो । अहिले पनि यो गीत उतिकै चर्चामा छ । यो गीतमा बालन्द राईको संगीत रहेको थियो । मेरो पहिलो फिल्मको कुरा गर्ने हो भने ‘मैदान’ हो । उक्त फिल्ममा समावेश गीत ‘तिम्रै आँखा भित्र’ रहेको छ । यो गीतले पनि त्यो समयमा चर्चा कमाएको थियो । यस गीतमा स्वर्गीय जेनी कुँवरले अभिनय गर्नुभएको थियो ।

**सफल चलचित्रको गीत छान्नुपर्दा ?**

मेरो सबै गीतहरु हिट नै छन् । मैले छान्नै पर्दा फिल्म ‘दादागिरी’लाई छान्छु, त्यो बेलाको । किनभने यो फिल्ममा समावेश भएको गीतमा ‘तिम्रो आँखामा बस्ने रहर भो मलाई’ एकदमै हिट भएको थियो । किनभने यो गीतले रेडियो, टेलिभिजन र क्यासेटमा पनि राम्रो कमाइ गरेको थियो । त्यसपछि फिल्म ‘किस्मत’को पनि छ । यो फिल्ममा लेखेको गीत ‘घरि घरि मुसुमुसु मुस्कुराएर माऱ्यौ’ पनि स्रोता दर्शकले एकदमै माया गरेको गीत हो । यसरी छान्दै जाने हो भने त थुप्रै रहेका छन् । अर्को खलनायक फिल्मको गीत पनि राम्रो लागेको छ ।

**पछिल्लो समय गीतसंगीतको अवस्थालाई कसरी हेर्नुभएको छ ?**

खोइ, स्रोता दर्शकको मनोभाव बुझेर पनि बुझी नसक्नु छ । कुन गीत कतिखेर मन पर्छ थाहै हुँदैन । कस्तो किसिमको गीत लेख्नुपर्ने हो, बुझ्नै गाह्रो छ । अब ‘सिरुपाते’को गीतकार पनि म नै हुँ । ‘उन भित्र गुन फूल्ने’को गीतकार पनि म नै हुँ । अब आकास जमिनको फरक छ गीतमा । तर स्रोताले दुवै गीतलाई एकदमै मन पराइदिनुभयो । उत्ताउलो शब्दमा बनेका गीतहरु चलिरहेको अवस्थामा मेरा गीतहरु चले ।

**गीतसंगीतमा अश्लिलताले ठाउँ ओगटेको छ भन्न खोज्नुभएको हो ?**

हो, गीत संगीतमा अश्लिलताले राम्रा सिर्जनाहरु मरिरहेका छन् । यो एकदमै नकरात्मक कुरा हो । गीत भनेको त एउटा लघु कथा हो नि । छोटो शब्दमा धेरै कुरा बोल्नुपर्छ नि गीतले । तर यहाँ गीत चलाउने नाममा, भाइरल हुने नाममा, जथाभावी छाडा शब्दहरु आएका छन् । यसको नियमन गर्ने कुनै संघसंस्था छैन । हालै एउटा लोक तथा दोहोरी गीत प्रतिष्ठानले अरुको ट्र्याकमा गीत गाउन नपाउने भन्ने कुरा उठाएको सुनें । यो राम्रो कुरा सुनें । पहिला पनि गीत संगीत सेन्सर हुन्थ्यो । अहिले त्यो पनि छैन । यो नियमन गर्नुपर्छ भन्ने लाग्छ ।

**अन्त्यमा तपाईंको कुन सिर्जना आउने तयारीमा छ ?**

मेरा थुप्रै सिर्जनाहरु बजारमा आउने तयारीमा छन् । म र रेखा थापाले १४ वर्षको अन्तरालमा फिल्म ‘उपहार’मा सहकार्य गरेका छौं । त्यस गीतमा समावेश गीत ‘वा वा वा’सार्वजनिक भइसकेको छ । जुन गीत स्रोता दर्शकले मन पराइदिइराख्नुभएको छ । अहिले यसैको प्रमोसनमा पनि लागेको छु ।

# चेलिबेटी बेचबिखनसम्बन्धी हरिवंशको नयाँ गीत ‘हिंड माया हिंड’

**काठमाडौं/मस–** हास्य कलाकार हरिवंश आचार्यले चेलबेटी बेचबिखनसम्बन्धी नयाँ गीत बजारमा ल्याएका छन् । यसअघि चेलबेटी बेचबिखनकै विषयमा ‘कर्कलो कोक्याउला’ र ‘काउली’ गीत गाएका आचार्यले अहिले ‘हिँड माया हिँड’ बोलको गीत ल्याएका हुन् ।

माइती नेपालको प्रस्तुतिमा बनेको यो गीतमा हरिवंशकै शब्द र संगीत छ । स्वरमा उनलाई गायिका स्मिता दाहालले साथ दिएकी छिन् । ‘यो चेलिबेटी बेचबिखनसम्बन्धी जनचेतनामूलक गीत हो,’ गीतबारे हरिवंशले भने, ‘चेलबेटी बेचबिखनसम्बन्धी समस्या हाम्रो देशको नियतिजस्तै भइसक्यो । पहिले पहिले चेलिबेटीहरुलाई भारतमा लगेर बेचिन्थ्यो, अहिले त्यो खाडी मुलुकसहित अफ्रिका लगायत अन्य मुलुकतिर पनि सरेको छ । मसाज सेन्टर या डान्सबारको काम भनेर लाने तर त्यहाँ पुऱ्याएपछि देह व्यापारमा लगाउने, यातना दिने लगायतका समस्या बढिरहेका छन् । त्यही कथा हामीले गीतमार्फत भन्न खोजेका हौं ।’

हरिवंश यो समस्या समाधान नभएसम्म यस विषयमा निरन्तर जनचेतनामूलक गीत गाइरहने बताउँछन् । ‘सर्जकका हिसाबले यस्तो विषयमा लगातार गीत गाइरहन नपरोस् भन्ने नै लाग्छ । तर देशको नियतिले बाध्य बनाइरहेकै छ,’ आचार्यले भने ।



साहस शाक्यको एरेन्ज, श्यामश्वेत रसाइलीको मिक्सिङ रहेको गीतको भिडियोमा हरिवंशसँगै कलाकारहरु प्रियंका कार्की, कविता न्यौपाने, बालकृष्ण ओली लगायत कलाकारको अभिनय छ । गम्भिर विष्टको कन्सेप्ट र निर्देशन रहेको यो गीतको भिडियोमा कसरी गाउँ-गाउँबाट युवतीहरुलाई ललाइफकाइ गरेर विदेश पुऱ्याइन्छ भन्ने कथा देख्न सकिन्छ । पवन सुस्लिङले खिचेको यो गीतको भिडियो सम्पादन प्रविण भट्टले र गीतको सम्पूर्ण निर्माण व्यवस्थापन सैलेश खत्रीले गरेका हुन् ।

# ‘मनकी रानी गुल्मी बजारमा’ पञ्चेबाजा गीत बजारमा

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ३० मंसिर

सञ्चारकर्मी, सर्जक तथा लोक दोहोरी गायक अमित विश्वकर्माले ‘मनकी रानी गुल्मी बजारमा’ पञ्चेबाजा गीत बजारमा ल्याएका छन् । विश्वकर्माकै शब्दमा रहेको गीतमा स्वर अमितसँगै गायिका सुनिता बुढा क्षेत्रीको रहेको छ । विकास अनुरागी विश्वकर्माको लय रहेको गीतको म्युजिक भिडियो अमित विश्वकर्मा युट्युब च्यानलबाट सार्वजनिक गरिएको छ ।

आशिष अविरलले संगीत संयोजन गरेको गीतको भिडियोमा दीप सागर र जुना गुरुङको आकर्षक अभिनयसहितको नृत्य रहेको छ । दुर्गा पौडेलको छायाँकन र निर्देशन रहेको भिडियो मंगला गाउँपालिका ३ बरंजा, खानीगाउँ घाम्ताङमा छायाँकन गरिएको हो । गीतको म्युजिक भिडियोमा बरंजाको ऐतिहासिक पर्यटकीय स्थल चिनाकोत धुरी (बाइसे, चौबिसे राजाको दरबारका भग्नावशेष रहेको ठाउँ)लाई समेत समावेश गरिएको छ । गुल्मी र बेनी बजारका मायालु जोडिएको प्रेमका भावहरूलाई गीतमा व्यक्त गरिएको छ ।

चिनाकोटको प्रचार प्रसारमा सहयोग पुगोस् भन्ने हेतुले चिनाकोट धुरीमै पुगेर गीतको भिडियो निर्माण गरिएको गायक विश्वकर्माले बताए । गीतको भिडियोमा गायक तथा मोडल ध्रुव जिसी, गायक रवि कार्की, विजुन केसी, भलिबल प्रशिक्षक तेजेन्द्र बानियाँ, सर्जक कलाधर कँडेल, गोकुल विश्वकर्मा, गायक जीवन कार्की लगायतलाई पनि देख्न सकिन्छ ।


## कतारमा रोजगारको अवसर

कम्पनी: Q DAYS SWEETS BAKERY
शहर: QATAR, Doha

पूर्व स्वीकृत मिति: २०८०/०८/२९ चलानी नं.: ६०२११५६९ LT. No.: 296530

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 3 | 0 | स. काममा दक्ष | 1000 | ३६,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: NTM GROCERY शहर: QATAR, Doha

पूर्व स्वीकृत मिति: २०८०/०८/२९ चलानी नं.: ६०२११५७० LT. No.: 296532

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 2 | 0 | स. काममा दक्ष | 1400 | ५०,८७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस ८ गते (24 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १५४१/०७८/०७९

**Pratik Human Resource Pvt. Ltd.**
Sinamangal - 9, Kathmandu, Nepal -Tel: 977-01-5913092,
Mobile No.: 9813467879, 9810171570
Email: pratikhumanr@gmail.com, Web.: www.pratikhumanresource.com



## JAHADA RURAL MUNICIPALITY
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
MORANG , KOSHI PROVINCE, NEPAL

### Invitation For E-Bid

Date of Publication: 29th Mangsir, 2080

1. Jahada Rural Municipality, Office Of the Municipal Executive, Morang, Province No-1, Nepal, invites electronic bids only from Nepalese eligible bidders under National Competitive Bidding Procedures.
2. The details of the project is as follows :

| IFB No. | Work Descriptions | Estimated Amount (Without VAT) | Bid Document Cost Nrs. | Last Date Of Bid Submission | Bid Opening Date | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|
| JRM/WORKS/NCB/080/81-04 | Blacktop Work From Dhuni To Sirsiya | Rs. 86,78,536.26 | 3000.00 | 12:00 PM on 2080/10/03. | 2:00 PM on 2080/10/03. | 2,40,000.00 |

For other details please visit : bolpatra.gov.np/egp

Chief Administrative Officer



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८०/०९/०१**

**बुद्धलक्ष्मी इनफोटेक प्रा.लि.** को मिति २०८०/०६/३० गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नाम **थ्रि आर.सोलुशन्स् प्रा.लि. (प्रा.लि. नं.: १६२५५६)** कायम गर्ने गरी मिति २०८०/०८/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/०९/०१**

**स्टाण्डर्ड जापानी भाषा इन्स्टिच्युट प्रा.लि.** को मिति २०८०/०८/२२ गते सम्पन्न वार्षिक/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नाम **ग्लोबल स्टाण्डर्ड एडुकेयर प्रा.लि. (प्रा.लि. नं.: १६२५५६)** कायम गर्ने गरी मिति २०८०/०८/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सुपर लिग

# इलामको प्लेअफ सम्भावना समाप्त
# पोखरा दोस्रो स्थानमा उक्लियो



**काठमाडौं/मस-** राजधानीमा जारी नेपाल सुपर लिग (एनएसएल)मा चितवन र इलामले बराबरी खेल्दै अंक बाँडेका छन् । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार भएको खेलमा इलाम र चितवनले गोलरहित बराबरी खेल्दै खेल्दै अंक बाँडेका हुन् । खेल अवधिभर दुवै टिमले अवसर सिर्जना गरेपनि गोल निकाल्न भने सकेनन् ।

खेलको अन्तिम समयमा इलाम १० खेलाडीमा सिमित भएको थियो । खेलको थपिएको समयको तेस्रो मिनेटमा अमाथ एडनले रातो कार्ड पाउँदै मैदान छाडेका थिए । उनले ललितपुर सिटिसँग हुने लिगको अन्तिम खेल गुमाउने छन् ।

यस बराबरीसँगै प्लेअफ पुग्ने चितवनको गणितीय सम्भावना बाँकी छ । इलाम भने अब प्लेअफको दौडबाट बाहिरिएको छ । चितवन ७ खेलबाट ६ अंक बटुलेर तालिकाको सातौं स्थानमा यथावत रहेको छ । इलाम ५ अंकसहित तालिकाको पुछारमा रहेको छ ।

यस्तै प्रतियोगिता अन्तर्गत शनिबार भएको पहिलो खेलमा पोखरा थन्डर्सले विरगञ्ज युनाइटेडलाई २-१ गोल अन्तरले पराजित गरेको छ । पहिलो हाफमा लिएको अग्रता नै पोखराको जितका लागि पर्याप्त भयो । पोखराका मोजेस ग्याबा र जो आइदुले १-१ गोल गरे भने वीरगञ्जका आइकिन्स बफोरले एक गोल गरे ।

पोखराले खेलको छैटों मिनेटमा नै अग्रता लिएको थियो । पोखराका लागि जोए आइडुले गोल गर्दै १-० गोल अन्तरको अग्रता दिलाएका थिए । खेलको ११ औं मिनेटमा वीरगञ्जले बराबरी गोल गरेको थियो । वीरगञ्जका लागि सुशील लामाको प्रहारलाई अकिन्स के बाफोउरले हेडर गोल गर्दै खेल १-१ गोलको बराबरीमा ल्याएका थिए ।

खेलको ४४औं मिनेटमा पोखराले पुनः खेलमा अग्रता लियो । स्टेफन अन्नोरको क्रसमा हेडर मार्फत गोल गर्दै मोसेसले पोखरालाई २-१ गोलको अग्रता दिलाए । त्यसपछि खेलको बाँकी समय कुनै पनि टोलीले गोल गर्न नसक्दा पोखराले खेल २-१ गोलले जित्यो ।

यस जितसँगै पोखराले ११ अंकका दोस्रो स्थानमा उक्लिएको छ भने पराजित भएको वीरगञ्ज आठौं स्थामा रहेको छ ।

# अरहान्त र विपना स्क्वास च्याम्पियन



**काठमाडौं/मस-** अरहान्तकेशर सिंह र विपना ब्लोन एनएसआरए एनिभरसरी कप स्क्वास प्रतियोगिता २०८० मा शनिबार च्याम्पियन बनेका छन् । सातदोबाटोमा भएको प्रतियोगिताको पुरुष एकल फाइनलमा नेपालका नम्बर एक अरहान्तले अमिर ब्लोनलाई चार सेटमा ६-११, ११-७, ११-४ र ११-८ ले पराजित गरे । अरहान्तको खेलजीवनको १४ औं एकल उपाधि भएको छ । महिला एकल फाइनलमा विपना ब्लोनले कृष्णा थापालाई चार सेटमै ११-८, ८-११, ११-६ र १३-११ ले निराश हराइन् ।

यसैगरी यु-१९ गर्ल्समा साक्षी सुनुवार फाइनलमा रेनेसा महर्जनलाई सीधा सेटमा ११-२, ११-१ र ११-२ ले हराएर च्याम्पियन बनिन् । सो स्पर्धाको ब्वाइज फाइनलमा विकास तुम्सिङ मगरले पासाङ ब्लोनलाई चार सेटमा ११-७, १२-१४, ११-६ र ११-४ ले पाखा लगाए । यसैगरी मास्टर्स ५० वर्षमाथि छविलाल पाइजा पुन प्रज्ज्वल प्रधानलाई ३-१ सेटमा र प्लेट च्याम्पियन्सिपमा पासाङ ब्लोनले दिव्यराज वज्राचार्यलाई सोझो सेटमा ३-० ले हराएर च्याम्पियन भए ।

नेपाल स्क्वास र्‍याकेट्स संघ स्थापनाको ३५ वर्ष पुगेको अवसरमा एनएसआरए एनिभरसरी कप स्क्वासको आयोजना भएको हो । प्रतियोगितामा विजयी खेलाडीहरुलाई एक्स स्टेपले पुरस्कार प्रायोजन गरेको थियो ।

**भावना र राजेन्द्रको सन्यास**

नेपाल स्क्वास र्‍याकेट्स संघले प्रतियोगिताको समापन कार्यक्रममा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्क्वास प्रतियोगिताबाट सन्यास लिएका दुई अनुभवी खेलाडी भावना सुनुवार र राजेन्द्र शाक्यलाई शुभकामनासहित सम्मानपत्र प्रदान गरी उनीहरुको योगदानको कदर गरेको छ । यी दुवैले घरेलु स्क्वास प्रतियोगितालाई भने निरन्तरता दिने छन् ।

दुई दशकदेखि स्क्वासमा समर्पित भावना एक दशकभन्दा बढी घरेलु महिला स्क्वासमा दबदबा बनाउने खेलाडी हुन् । चार पटक दक्षिण एसियाली खेलकुद (साग) मा सहभागी भएर भावनाले कोलेम्बोमा भएको दशौँ साग, गुवाहाटीमा भएको १२औं साग र काठमाडौंमा भएको १३औं सागमा नेपाललाई महिला टिम इभेन्टमा कास्य पदक दिलाएकी थिइन् । यसैगरी एसियाली खेलकुदमा नेपालको प्रतिनिधित्व गरिसकेका राजेन्द्र नेपाल स्क्वास एन्ड र्‍याकेट्स संघका केन्द्रीय सदस्य पनि हुन् ।


## मलेसियामा रोजगार | कम्पनी : CONSTRUCTION LABOUR EXCHANGE CENTER BERHAD

शहर : Malaysia

पुर्व स्वीकृत मितिः २०७९/१२/१५ चलानी नं.: ६०१९९०६० L.T. No.: 283597 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 94 | 0 | स. काममा दक्ष | 1500 | ४२,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस ३ गते (19 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Empower Human Resources Management Pvt. Ltd Gov. Lic No. 1150/073/074

Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445

Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057
9813657032 | 9851049746 | 9806080426, 9823040845 Email: empowerhrnepal@gmail.com


# कीर्तिपुर 'ए' सेमिफाइनलमा




**काठमाडौं/मस-** अत्तिरिक्त समयमा जित निकाल्दै कीर्तिपुर 'ए' दोस्रो नखिपोट खुला बास्केटबल प्रतियोगिताको पुरुषमा शनिबार सेमिफाइनलमा प्रवेश गरेको छ । कीर्तिपुर 'ए'ले गोल्डेनगेटलाई १०७-१०२ ले पराजित गर्‍यो । कीर्तिपुर 'ए'का जयदीपले ३७ स्कोर गरे । निर्धारित समयको खेल ९३-९३ को बराबरीमा सकिएको थियो । अत्तिरिक्त समयमा कीर्तिपुर 'ए'ले १४-९ को अग्रता बनाउदै जित सुनिश्चित गर्‍यो ।

नखिपोट युथ क्लबद्वारा आयोजित प्रतियोगितामा नेपाल आर्मी र टाइम्स बास्केटबल क्लब पनि सेमिफाइनलमा स्थान सुरक्षित गर्न सफल रहे । आर्मीले हाउन्ड्सलाई ९४-७२ ले हरायो । आर्मीका निकेश मगरले १५ अंक जोडे । आर्मीले सुरुका ३ क्वाटरमा २०-११, ३४-१४ र २४-२३ को प्रदर्शन गर्दै जितको आधार खडा गरेको थियो । चौथो तथा अन्तिम क्वाटरमा हाउन्ड्स २४-१६ ले अगाडि रहेपनि जितका लागि पर्याप्त भएन ।

टाइम्सले बौद्ध 'ए' लाई ११९-९७ ले पाखा लगायो । टाइम्सका लागि मोविन्द्र भण्डारीले २९ अंक बटुले । पहिलो क्वाटरमा ३०-२७ को अग्रता लिएको टाइम्सले अन्तिमसम्म अग्रतालाई कायम राख्यो । टाइम्सले दोश्रोमा ३१-२७, तेश्रोमा २७-२६ र चौथोमा ३१-१७ को अग्रता लिँदै जितअन्तर फराकिलो बनायो ।

# निलकण्ठेश्वर माविले उचाल्यो राष्ट्रपति रनिङ शिल्डको उपाधि



**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, ३० मंसिर

गौरीशंकर गाउँपालिकामा आयोजित पाँचौं अन्तरपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि निलकण्ठेश्वर माध्यमिक विद्यालय जुगु-२ ले जितेको छ । 'स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद' भन्ने मूल नाराका साथ गौरीशंकर गाउँपालिका-२ जुगु स्थित निलकण्ठेश्वर माध्यमिक विद्यालयको प्राङ्गणमा बिहीबारदेखि भएको प्रतियोगितामा निलकण्ठेश्वर माविले १४ स्वर्ण, ९ रजत र २ कास्य सहित २५ पदक प्राप्त गर्दै पहिलो स्थान प्राप्त गरेको हो ।

यस्तै हलेश्वर मावि सुरिले ४ स्वर्ण, ५ रजत र ८ कास्य सहित १७ पदक प्राप्त गर्दै दोस्रो भएको छ । त्यस्तै हिमावती माविले ४ स्वर्ण, ५ रजत र ४ कास्यसहित १३ पदक प्राप्त गर्दै तेस्रो भएको छ । गाउँपालिका अध्यक्ष विश्वास कार्कीको अध्यक्षतामा भएको प्रतियोगितामा गाउँपालिकाभित्रका ६ वटा माध्यामिक विद्यालयको सहभागिता रहेको थियो । बिहीबारदेखि शुरु भएको प्रतियोगिता शनिबार सम्पन्न भएको हो ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०९/०१**

**एजुकेशन मास्टर्स प्रा.लि.** को मिति २०८०/०७/२२ गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ईडीयु हब ग्लोबल चितवन प्रा.लि. (प्रा.लि. नं.: १६६०८९)** कायम गर्ने गरी मिति २०८०/०८/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## कृष्णपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
गुलरिया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

### शिलवन्दी बोलपत्र आव्हानको सूचना

चौथो पटक प्रकाशित मिति २०८०/०९/०१

यस कार्यालयको आ.व. २०८०/०८१ को आन्तरिक राजश्व संकलन गर्ने कार्यकालागी नियमानुसार दर्ता भएका फर्महरुबाट आवश्यक कागजात संग्लग्न राखी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

तपशिल

| ठेक्का नं. | विवरण | न्युनतम बोलपत्र रकम मु अ कर सहीत | उत्खनन् परिमाण घ.मी. | फाराम दस्तुर रु. | धरौटी/जमानत रकमको म्याद |
|---|---|---|---|---|---|
| 5-IR-2080/081 | मोहना नदी, मछेली नदी, बन्द नदी र बनारा नदीबाट नदीजन्य पदार्थ संकलन | ३,९९,०५,७५६।११ | १,६६,८३१।२० | ५,०००।- | १२० दिन |

| | |
|---|---|
| बैंकको विवरणः कुमारि बैंक, शाखा कार्यालय गुलरिया | बोलपत्र सम्वन्धि कागजातहरु यस कार्यालयवाट वा **www.bolpatra.gov.np/egp.** बाट तोकीएको फाराम दस्तुर तिरी खरिद गर्न सकिनेछ । बोलपत्रदाताले अनलाईनबाट समेत बोलपत्र प्रक्रियामा भाग लिन सक्नेछन । ठेक्का सम्बन्धि बिस्तृत विवरण बोलपत्र सम्बन्धि कागजपत्रमा उल्लेख गरिएको छ । |
| जमानत खाता (धरौटी खाता) ग ३ : २७००२४८२१६२००००४<br>आन्तरिक राजश्व खाता ग १.१ : २७००२४८२१६२००००९ | |

१. बोलपत्रको अन्तीम खरिद मिति २०८०/०९/०७ गते, दर्ता मिति २०८०/०९/०८ गते दिनको १२:०० बजे र खोलिने मिति २०८०/०९/०८ गते दिनको १४:०० बजे सम्मको हुनेछ । दर्ता गर्ने दिन सार्वजनिक बिदा भएमा लगत्तै आर्को दिन दर्ता गरिनेछ ।
२. बोलपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
३. बोलपत्र पेश गर्दा शिलबन्दी खाम बाहीर कार्यालयको नाम, कार्यको विवरण र फर्मको नाम, ठेगाना, मोबाइल नं. र छाप लागेको हुनुपर्नेछ बोलपत्रको प्रत्येक पानामा विवरण स्पस्ट संग भरी प्रत्येक पानामा दस्तखत र सही छाप गरेको हुनु पर्नेछ ।
४. न्युनतम अंक भन्दा घटि कबोल गरेको, म्याद नाघेको, रित नपुगेको वा शर्त राखी पेश गरेको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।
५. सुदूरपस्चिम प्रदेशको नदीजन्य पदार्थ ब्यवस्थापन (पहीलो संसोधन) कार्यविधि २०८० अनुसार एकमुष्ठ वा ठेक्काकोकिस्ता अंकको २० प्रतीशत सम्झौता गर्दाका बखत, ४० प्रतीशत फाल्गुण मसान्त भित्र र ४० प्रतीशत जेष्ठ मसान्त भित्र बुझाउनु पर्नेछ ।
६. ठेक्का कबोल गर्दा कबोल गरेको अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकम माथी उल्लेखित धरौटी खातामा जम्मा गरि सो को सक्कलै भौचर वा तोकीएको म्याद सम्मको बैंक जमानत बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# ‘सहकारीको शुद्धीकरणलाई मैले मुख्य एजेण्डाको रुपमा अगाडि सारेको छु’



नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफस्कुन)को ३२ औं साधारणासभा यही पुस ७ र ८ गते काठमाडौंमा हुन गइरहेको छ । साधारणसभामार्फत् देशैभरीबाट आउने ऋण तथा बचत सहकारीका हजारौं प्रतिनिधिहरुले नेफस्कुनको आगामी नीति र नेतृत्व निर्माण गर्नेछन् । पछिल्लो समय विशेषगरी ऋण बचत सहकारी क्षेत्रमा देखिएको वेथितिको समस्याको न्यूनिकरणसँग जोडेर सो साधारणसभालाई विशेष महत्वका साथ हेरिएको छ । प्रस्तुत छ नेफस्कुनको साधारणसभामा आफूलाई महासचिवको उम्मेदवारको रुपमा प्रस्तुत गरेका नेफस्कुन संचालक समितिका सदस्य तथा राष्ट्रिय सहकारी बोर्डका कार्यकारी सदस्य तथा उद्यमी **सन्दिप सापकोटा**सँग मध्यान्ह दैनिकका लागि **नारायण अर्याल**ले गरेको कुराकानी :

**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफस्कुन) साधारणसभाको तयारी कहाँ पुगेको छ ?**

नेफस्कुनको आसन्न अधिवेशनको तयारी काम भइरहेको छ। नेफस्कुनको पुसको ७ र ८ गते हुने साधारणसभामा भाग लिने प्रतिनिधिहरुको नाम पठाउने अन्तिम समयको रुपमा शनिबारलाई तोकिएको थियो, सोहीअनुसार संस्थाहरुले आफ्ना प्रतिनिधिको नाम पठाएका छन् ।

साधारणसभा काठमाडौंको प्रज्ञा प्रतिष्ठानमा हुनेछ । विभिन्न विषयगत व्यवस्थापनको जिम्मेवारी लिएको नेतृत्वले कामहरु गरिरहेको छ । नयाँ कार्यसमिति चयनको लागि डिजिटल माध्यमबाट मतदान गर्ने व्यवस्था मिलाउने तयारी भएको छ ।

**साधारणसभामा प्रस्तुत हुने विधान प्रतिवेदन लेखन तयारी कसरी अगाडि बढेको छ ?**

अध्यक्ष, महासचिव, कोशाध्यक्ष, सुपरिवेक्षक समिति र सिइओले पेस गर्ने प्रतिवेदनमाथि पुस ५ गते बस्ने संचालक समितिको बैठकमा पनि छलफल हुन्छ। सञ्चालक समितिको तर्फबाट अध्यक्षले संस्थाको सम्पूर्ण अवस्था र महासचिवे संगठनात्मक अवस्था र नीति तथा कार्यक्रम पेस गर्नुहुन्छ ।

त्यस्तै, विद्यमान वित्तीय अवस्थाको बारेमा प्रतिवेदन प्रस्तुत गर्ने जिम्मेवारी कोशाध्यक्षलाई दिइएको छ भने सम्पूर्ण व्यवस्थापकीय पाटोको बारेमा सिइओले प्रतिवेदनमा पेस गर्ने कार्यक्रम रहेको छ। साधारणसभामा पेस हुने एजेण्डा पनि तय गरेर सदस्य संस्थाहरुलाई जानकारी गराइसकेका छौं ।

**साधारणसभामा सहभागी हुने प्रतिनिधिहरुको संख्या कस्तो छ ? विगतको तुलनामा वृद्धि भएको छ वा घटेको छ ?**

शनिबार साँझसम्म सबै फिल्ड कार्यालयहरुबाट प्रतिनिधिहरुको नामावली तथा संख्या संकलन भइरहेको छ। अहिले विगतमा भन्दा बढी नै प्रतिनिधि हुने देखिन्छ ।

**पछिल्लो केही समययता देशैभरिका सहकारीमा विश्वास र अन्य विभिन्न समस्याहरु चुलिँदै गएको देखिन्छ, यो अवस्थामा हुन लागेको सहकारीको साधारणसभामा तपाईंको महासचिवमा उम्मेदवारी किन ?**

सहकारी भनेको स्वायत्त र साझा संस्था हो । सामाजिक तथा आर्थिक रुपमा आधारभूत वर्गलाई उत्थान गर्ने अभियान पनि हो । हुँदा खानेको नभएर गरीखानेहरुको संगठित संस्था हो । यही बर्गलाई नै सहकारीको आवश्यकता हो ।

म सहकारी अभियानकै क्रममा मजदुर क्षेत्रबाट आएको व्यक्ति हुँ । बर्गीय आवाजहरु सहकारीका आधारभूत मूल्य र मान्यताहरु एवं आर्थिक, सामााजिक र सांस्कृतिक रुपान्तरणका विषयहरुको राष्ट्रिय स्तरबाट पैरवीको लागि मेरो महासचिवमा उम्मेदवारी हो ।

साथै, ऐनमा नै मजदुर, किसान र न्यून आय भएका मानिसहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरण गर्न स्वच्छ, साझा, अविच्छिन्न उत्तराधिकारी सहकारी हुने भनेर परिकल्पना गरिएको छ । त्यसकै दिशामा सहकारी अभियानलाई अगाडि बढाउनको लागि मेरो उम्मेदवारी हो ।

महासंघले जुन क्षेत्रमा सहकारी अभियानलाई थप प्रवर्द्धन गर्नुपर्ने हो त्यहाँनेर कम भयोकी भन्ने महसुस भएको छ। सहकारीको अभियानलाई यहाँसम्म ल्याउन विभिन्न नेतृत्वले महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ । सहकारी अभियानको मुख्य अभियानकर्ताको रुपमा महासंघलाई उहाँहरुले स्थापित गर्नुभएको छ ।

**तपाईंले भनेजस्तै महासंघ आफ्नो खास भूमिकाबाट केन्द्रित नभएको हो कि भन्ने विषय त उठेकै छ । साधारणसभा नजिक आउँदै गर्दा यसको नीतिगत व्यवहारिक विषयमा रुपान्तरणाको आवश्यकता छ भन्ने आवाज उठेको छ ?**

बचत तथा ऋण सहकारीको क्षेत्रमा महासंघले खेलेको भूमिका त महत्वपूर्ण छ। अझैपनि महासंघले सहकारीहरुको पक्षमा थप पैरवी र बहस गरिदिए हुन्थ्यो, सहकारीका आधारभूत विषयलाई निरन्तर उठाइदिएहुन्थ्यो भन्ने जस्ता अपेक्षा प्रारम्भिक सहकारीहरुले राखेको पाइन्छ। अपेक्षित रुपमा महासंघले प्रभावकारी ढंगले काम गर्न नसकेको पनि हो। त्यसैले सहकारी अभियानलाई थप ससक्त बनाउने नेतृत्व निर्माण हुनुपर्ने अपेक्षा प्रारम्भिक सहकारीहरुले राखेका छन् ।

**सहकारीमा दलीयकरणाको समस्या छ । तपाईंले सहकारी अभियानलाई थप ससक्त बनाउनको लागि महासचिवमा उम्मेदवारी दिँदा सबै पक्षको विश्वास जित्ने प्रयत्न कसरी गर्नुहुन्छ ?**

सबैभन्दा पहिला सहकारीमा राजनीति गर्न हुन्न भन्ने मेरो धारणा हो । साझा, निष्पक्ष र सबैको पारस्परिक समझदारीको रुपमा नेतृत्व निर्माण गर्नपर्छ भन्ने मेरो पहिलो एजेण्डा हो । सहकारीमा सबै क्षेत्रको भावना र विचार बोकेका साथीहरु हुनुहुन्छ। आस्थाका आधारमा क्षमता भएका साथीहरुलाई पछाडि पार्ने र क्षमता नभएका साथीहरुलाई अगाडि बढाउने काम गर्न हुन्न र यो संस्थालाई सबै राजनीतिक विचार हरुको साझा संस्थाको रुपमा अगाडि बढाउनुपर्छ ।

त्यस्तो सम्भव नभएमा बर्गीय धरातलका आधारमा अगाडि बढ्नुपर्छ। त्यो पनि नभएर निर्वाचनमा नै जानुपर्ने अवस्था आएमा सहकारी शुद्धीकरणको एजेण्डाका साथ अगाडि बढ्नुपर्छ भन्ने मेरो धारणा छ ।

**तपाईंले आफ्ना के कस्ता एजेण्डा अगाडि सार्नुभएको छ त ?**

सहकारीको शुद्धीकरणको एजेण्डालाई मैले मुख्य एजेण्डाको रुपमा अगाडि सारेको छु । उत्पादकत्व, उत्पादन र उद्यमशीलतामा सहकारीहरुलाई जोड दिने र सहकारीभित्र मिटरब्याजी, जग्गा व्यापारीहरु, उच्चपदस्थ कर्मचारी, राजनीतिक दलका नेतृत्व लगायतका व्यक्तिहरुलाई प्रवेश गराएर सहकारीलाई कमाई खाने भाँडो बनाउन हुन्न भन्ने एजेण्डालाई मैले अगाडि सारेको छु ।

त्यस्तै, सहकारीलाई संविधानले भनेजस्तै समाजवादउन्मुख कार्यदिशाको शुरुवात गर्ने खुड्किलोको रुपमा विकास गर्नुपर्छ । साथै, सरकारले पनि अर्थतन्त्रको तीनखम्बा अन्तर्गत एउटा खम्बा सहकारीलाई मानेको छ, सोहीअनुसार अगाडि जानुपर्छ भन्ने मेरो एजेण्डा हो ।

त्यस्तै, ०७४/७५ मा आएको नियमावलीले केही सहकारीहरुलाई अप्ठ्यारो परेको छ। त्यसलाई संशोधन गरेर सहकारीमैत्री ऐन र नियमावली बनाउनुपर्छ, सहकारी संस्थालाई नियमन गर्ने छुट्टै नियामक निकाय निर्माण गर्नुपर्छ, गुणस्तरीय सहकारीको अभ्यास गर्ने व्यवस्था पनि हुनुपर्छ र अन्तर्राष्ट्रिय क्षेत्रमा भएका सफल अभ्यासलाई हामीले यहाँ भित्र्याउन पर्छ भन्ने लगायतका एजेण्डाहरु मैले अगाडि सारेको छु ।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

के तपाईंको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।

हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।

नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५



## Naraharinath Rural Municipality
## Office of the Rural Municipality Executive
**Kumalgaun, Kalikot**
**Karnali Province, Nepal**

### Invitation For Bid

**First Date of Publication: 2080/09/01**
**Bid Submission date: 2080/10/02, 12:00 PM**

(a) The Naraharinath Rural Municipality, Office of the Rural Municipality Executive, Kumalgaun Kalikot invites electronic bids from eligible bidders for the Road Construction works under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures with contract details as follows:

| S. N. | Contract Identification No. | Description of Works | Bid Security amount / Validity Period | Minimum Average Annual Construction Turnover | Minimum Work experience of similar nature |
|---|---|---|---|---|---|
| 1. | NNRM/NCB /BPTURTRW/ 06/2080/081 | Bishwokuna Pipalrukha Thadumandu Uchhab to Ramaroshan Tourism Marg construction | NRs 13,00,000 / 120 days | NRs. 4,25,00,000.00 (excluding VAT) | At least 1 Contracts within the last Five (5) years, each with a value of at least NRs 2,00,00,000 that have been successfully or are substantially completed. |

(b) Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Naraharinath Rural Municipality Office or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp. Bidder who chooses to submit their bid electronically May download the bidding documents for e-submission from PPMO's website www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified below) of bidding document in Naharinath Rural Municipality, office Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Cost of bid Document :- NRs 5000**
**Name of Bank :- Agricultural Development Bank**
**Account Name :- Naraharinath Rural Municipality, Kalikot**
**Office Code no :- 801066505**
**Revenue (Rajaswa)Account no :- 0726001574672223**

(c) Bidder shall submit their bid Electronic to Naraharinath Rural Municipality Office Kalikot through PPMO website www.bolpatra.gov.np/egp. The bidders may prepare their bid and submit their electronic bids as specified in the instructions to the bidders on or before 2080/10/02,12:00 PM at 12:00 hour. Bids received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend 2080/10/02, 2:00 PM at Naraharinath Rural Municipality Office Kumalgaun Kalikot. Non-attendance of any or all of the Bidders' representatives shall not hinder the opening of the Bids.

(d) The Bidders are invited to participate in the Pre-bid meeting on the 2080/09/22 at 12:00 P.M. at Naraharinath Rural Municipality Office Kumalgaun Kalikot. The bidder or his authorized representative is encouraged to attend the pre-bid meeting. The purpose of the meeting is to clarify any issue regarding the bid documents and to demonstrate the process of e-submission and opening of bids.

(e) All bids shall be accompanied by bid security as mentioned in the above table in cash deposited in Account No. 0726001574672096, Naraharinath Rural Municipality office on Name of Bank Agricultural Development Bank Ltd. or in the form of bank guarantee in favor of Naraharinath Rural Municipality, Kumalgaun Kalikot as per standard format provided in Bid documents. The bid security guarantee issued only by commercial banks approved by Nepal Rastra Bank shall be accepted. Bid security validity period as specified in the above table.

(f) If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

(g) All the rights as to whether to accept or reject the bid partially or fully are reserved to Naraharinath Rural Municipality, Office of The Rural Municipality Executive, Kumalgaun Kalikot.

(h) Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063 and Public Procurement Regulations-2064 and other prevailing regulations.

**Chief Administrative officer**


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**